का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १७०
❒ २१ साउन २०७८, बिहीबार
❒ 5 August 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## यी जनप्रतिनिधिहरू, जसले जनादेश बिर्सिए

नेतृत्वको स्वार्थले राष्ट्रिय राजनीतिमा संकट उत्पन्न हुँदा जननिर्वाचित सांसदहरूको मनमौजी देखिएको छ । मत दिने मतदाता, उम्मेदवार चयन गर्ने दल र वैधानिक प्रबन्ध समेत भुलेर सांसदहरुको आफूखुशी चल्दा प्रणाली समेत बदनाम हुन पुगेको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० साउन ।

लुम्बिनी प्रदेशका सांसद बिमला वलीले बुधबार बक्तव्य जारी गरेर आफू नेकपा माओवादी केन्द्रमै रहेको प्रष्ट पारेकी छन् । यो सहित वलीले आफू माओवादीमा रहेको प्रष्टोक्ति दिएको दोस्रो पटक हो । यसअघि गएको ६ वैशाखमा मुख्यमन्त्री शंकर पोखरेल विरुद्ध अविश्वासको प्रस्ताव ल्याउँदा पनि वलीले आफू माओवादी तर्फ उभिएको बताएकी थिइन् ।

वली उपनिर्वाचनबाट निर्वाचित सांसद हुन् । उनको पति उत्तरकुमार वलीको सडक दुर्घटनामा परी मृत्यु भएको थियो । नेकपा एमाले नेता उत्तरकुमारको मृत्युपछि रिक्त स्थानमा गएको २०७५ मंसिरमा सम्पन्न उपनिर्वाचनमा बिमला उम्मेद्वार बनेर



निर्वाचित भइन् । तर त्यसबेला एमाले र माओवादी केन्द्र बीच एकता भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेको थियो । विमला नेकपाकै उम्मेद्वार बनिन् ।

गएको ५ पुसमा नेकपा विभाजित भयो र २३ फागुनमा विघटन भएर फेरि एमाले-माओवादी ब्युतियो । यही लाभका कारण बिमलाले आफू माओवादी रोज्ने बताएकी थिइन् । तर केही दिन अगाडि मुख्यमन्त्री पोखरेल विरुद्ध फेरि अविश्वासको प्रस्ताव आएपछि भने बिमलाले एमालेमै रहेको बक्तव्य जारी गरिन् । उनी एमालेमै रहने भनेपछि मुख्यमन्त्री पोखरेलको पद फेरि सुरक्षित देखिएको थियो । तर बुधबार बक्तव्य जारी गरी मुख्यमन्त्रीको कार्यालयमा बन्धक बनाएर राखी एमालेको पक्षमा उभिएको बक्तव्य दिन बाध्य पारिएको बताएकी छन् ।

राष्ट्रिय राजनीतिमा देखिएको समस्याको यो उदाहरण घटना मात्रै हो । नेकपा विभाजनका कारण उत्पन्न समस्याका कारण लुम्बिनी प्रदेशमा मात्रै सात सांसद पदमुक्त भइसकेका छन् । पार्टीको निर्णय बिपरीत सरकारमा सहभागी भएको भन्दै जनता समाजवादी पार्टी (जसपा) ले तीन सांसदलाई कारबाही गरेको छ । माओवादी केन्द्रबाट निर्वाचित दुई सांसदले पार्टी छोड्दा पद गुमाएका छन् । सूर्य चिन्हबाट निर्वाचित थप दुई सांसदले राजीनामा दिइसकेका छन् । यसको अर्थ पाँच वर्षका निम्ति निर्वाचित सांसदहरु राजीनामा दिने, पदमुक्त हुने देखि पार्टीको निर्णय समेत नमानी सरकारमा सहभागी हुने प्रवृत्ति लुम्बिनीमा देखियो । लुम्बिनीकै जस्तो समस्या बागमती बाहेक सवै प्रदेशमा छन् । कर्णालीमा एमालेका चार सांसदले फ्लोर क्रस गरेर माओवादी नेतृत्व सरकार जोगाएका थिए । फ्लोर क्रस गर्ने चारै सांसद पदमुक्त भइसकेका छन् । माओवादी छोडेर एमाले गएका एक सांसद पहिले नै पदमुक्त भइसकेका छन् ।

सूदुरपश्चिमको समस्या उस्तै छ । मन्त्री पद नै छोडेर माओवादीका झपट बोहोरा एमाले प्रदेश प्रवेश गरे । गण्डकीमा जनमोर्चाका सांसदले पार्टीको निर्णय नमान्दा पदमुक्त भए । प्रदेश २ मा माओवादीका चार सांसद र प्रदेश १ मा पनि माओवादीकै चार सांसदले पार्टी छोड्दा पदमुक्त भएका छन् ।

प्रदेशमा मात्रै नभएर प्रतिनिधिसभा र राष्ट्रियसभामा पनि यस्तो विकृति देखिएको छ । माओवादी छोडेर एमाले गएका रामबहादुर थापा बादलले राष्ट्रियसभा सदस्य पद गुमाए । उनीसँगै, राष्ट्रियसभा सदस्य चन्द्रबहादुर खड्का पनि पदमुक्त भए । प्रतिनिधिसभा सदस्यहरु लेखराज भट्ट, टोपबहादुर रायमाझी, प्रभु साह र गौरीशंकर चौधरीले माओवादी छोडेकाले मन्त्री पद गुमाए । संसद्को सवैभन्दा ठूलो दल एमालेका बरिष्ठ नेता एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहित २८ सांसदले पार्टी ह्वीप मानेन । उनीहरुले २७ वैशाखमा पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा विश्वासको मत दिएका थिएनन् भने पछि एमालेकै २२ सांसदले काँग्रेस सभापति शेरबहादुर देउवालाई विश्वासको मत दिएका छन् ।



## टुंगिएन विवाद, तर नयाँ सहमति



सत्तारुढ नेपाली काँग्रेसको शीर्ष नेतृत्वमा अझै क्रियाशील सदस्यता विवादमा सहमति जुट्न सकेको छैन । बरु, विवाद तीन दिनभित्र टुंग्याउने सहमति चाहिँ भएको छ ।

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २० साउन ।

सत्तारुढ दल नेपाली काँग्रेसमा देखिएको क्रियाशील सदस्यता वितरण विवाद अझै हल हुन सकेको छैन । रमेश लेखकको संयोजकत्वमा बनेको छानबिन समितिले पनि विवाद हल गर्न सकेको थिएन । यसपछि शीर्ष नेतृत्व (सभापति शेरबहादुर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला) ले विवाद टुंग्याउने सहमति भएको थियो । तर देउवा, पौडेल र सिटौलाले पनि विवाद टुंग्याउन सकेका छैनन् ।

बुधबार तीन नेता बीच भएको छलफलले अब तीनदिन भित्र विवाद टुंग्याउने सहमित गरेको छ । यसअघि पाँच दिनको समय दिइएको थियो । प्रधानमन्त्री एवम् सभापति देउवाको निवास बुढानिलकण्ठमा भएको छलफलले अन्य पार्टीबाट प्रवेश गरेका नेता, कार्यकर्तालाई दिइने क्रियाशील सदस्यता वितरणमा केन्द्रीत छलफल शुरु भएको छ । क्रियाशील सदस्यता छानबिन समितिका संयोजक रमेश लेखकका अनुसार, तीन दिनभित्र सहमति जुट्छ । "अन्य राजनीतिक दलहरुबाट काँग्रेसमा प्रवेश गरेकाहरुको सम्बन्धमा काँग्रेसको क्रियाशील सदस्यता कसरी दिने भन्ने विषयमा छलफल शुरु भएको छ", लेखकले भने । लेखकले अब दुई वा तीन दिनभित्र क्रियाशील सदस्यताको विवाद समाधान हुने बताए ।

> सभापति देउवाले चार वर्षसम्म विभागहरु नै बनाउन सकेका थिएनन् । दुई महिनाभित्र बनाउनुपर्ने विभाग चार वर्षसम्म गर्न सकेनन् । अहिले पार्टी नेतृत्व हत्याउने स्वार्थका कारण क्रियाशील सदस्यता वितरणमा विवाद बढेर गएको छ ।

छलफलमा निर्धारित मितिमै महाधिवेशन गर्नेगरी विवाद हल गर्ने पनि सहमति भएको छ । "महाधिवेशनको कार्यतालिका प्रभावित भइसकेकै छ । तर दुई तीनदिन भित्र सहमति जुट्यो भने निर्धारित मितिमै महाधिवेशन हुन सक्छ", उनले भने । बाँकी पृष्ठ २ मा

## साउन १६ भित्र निवेदन दिएकाको मात्र जिट्को नवीकरण हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन

वैदेशिक रोजगार विभागले साउन १६ गतेभित्र निवेदन दिएका म्यानपावर कम्पनीको मात्र जापान इन्टरनेशनल ट्रेनिङ कोअपरेशन अर्गनाइजेसन (जिट्को) लाइसेन्स नवीकरण हुने बताएको छ । विभागले जिट्को लाइसेन्स नवीकरण गर्नका लागि एक महिनाको समय दिएर असार १७ गते बिहीबार सूचना सार्वजनिक गरेको थियो । उक्त सूचना अनुसार म्यानपावर कम्पनीहरुले जुलाई ३१ अर्थात साउन १६ गतेभित्र निवेदन दिइसक्नुपर्ने म्याद थियो ।

नवीकरण हुन चाहने म्यानपावर कम्पनीहरुले निवेदनका साथमा नवीकरण दस्तुर बापत दश हजार रुपैयाँ बुझाएको रसिद, अघिल्लो नवीकरण मिति खुलेको सूचीकरण प्रमाणपत्रको प्रतिलिपि, जिट्को मार्फत गत आर्थिक वर्ष २०७६/७७ मा कामदार पठाएको विवरण, आगामी आर्थिक वर्ष २०७८/०७९ वा सो भन्दा अगाडिका आर्थिक वर्षका लागि म्यानपावर नवीकरण भएको प्रमाणपत्र, बैंक ग्यारेन्टी र नगद धरौटी, कर चुक्ता प्रमाणपत्र, कम्पनी रजिष्ट्रारको कार्यालयमा गत आर्थिक वर्षसम्म अध्यावधिक भएको वा प्रक्रिया शुरु भएको



प्रमाणित हुने कागजात पेश गर्नुपर्ने सूचनामा उल्लेख छ । विगतमा जिट्को लाइसेन्स लिएका केही म्यानपावर कम्पनीले नवीकरणका लागि निवेदन दिन छुटेको बताएका छन् ।

विभागका निर्देशक एवं सूचना अधिकारी महेन्द्रनाथ भट्टराईले नेपाली प्राविधिक अभ्यासार्थी जापान पठाउने निर्देशिका, २०६६ मा नै साउन १६ गतेभित्र नै विभागले तोकेका प्रक्रिया पूरा गरी नवीकरणको निवेदन दिनुपर्ने उल्लेख गरेकाले उक्त मितिपछि जिट्को नवीकरण निवेदन नलिइएको बताए । नवीकरणका लागि तोकिएको प्रक्रिया पूरा गरेका म्यानपावर कम्पनीहरुको जिट्को लाइसेन्स क्रमशः नवीकरण भइरहेको पनि भट्टराईले जानकारी दिए ।

म्यानपावर कम्पनीले प्रशिक्षार्थी कामदार जापान पठाउन पाउने भएपछि शुरुमा करिब साढे दुई सय म्यावापर कम्पनी सूचीकृत भएका थिए । विभागमा सूचीकरण हुने तर जापानमा कामदार पठाउन नपाउने भएपछि धेरै म्यानपावर कम्पनीहरुले जिट्को तर्फको लाइसेन्स नवीकरण गराउन छोड्दै आएका छन् ।

**वैदेशिक रोजगार विशेष**

### विदेश जानेमा अधिकांश अदक्ष कामदार

**काठमाडौं/मस-** सरकारले प्रत्येक वर्षको नीति तथा कार्यक्रम र बजेटमा वैदेशिक रोजगारीमा जाने कामदारको तालिम र क्षमता अभिवृद्धि गर्ने बताएपनि वैदेशिक रोजगारीमा जाने कामदारहरुको क्षमता वृद्धि हुन सकेको छैन । वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्ष १ लाख ७७ हजार जनाले विभिन्न देशमा रोजगारीका लागि श्रम स्वीकृति लिएकोमा आधा कामदार अदक्ष देखिएका छन् ।

गत वर्ष १ लाख ६६ हजार ६ सय ९८ जनाले वैदेशिक रोजगारीका लागि स्वीकृति लिएकोमा ८० हजार ३ सय ८२ जना अदक्ष कामदार रहेका छन् । विभागका अनुसार गत वर्ष नयाँ तथा पुराना गरी एक लाख ६६ हजार ६९८ जनाले वैदेशिक रोजगारीका लागि स्वीकृति लिएका थिए । जसमध्ये ८० हजार ३ सय ८२ जना अदक्ष कामदार छन् । गत वर्ष उच्च दक्षको वर्गमा पर्ने जम्मा ६१ जना, व्यावसायिक क्षमता भएका २ सय ४६ जना, अर्धदक्ष १५ हजार ५ सय ८३ जना र कामको आवश्यक सीप भएका ७० हजार ४२६ जनाले स्वीकृति लिएका थिए । बाँकी पृष्ठ २ मा

### सांसदहरुको माग–

## महाकाली घटनामा भारतसँग वार्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन ।

भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले तुइन काटेपछि महाकाली नदीमा खसेका दार्चुलाको व्यास गाउँपालिका-२ का युवक जयसिंह धामीबारे भारतसँग वार्ता गर्न सांसदहरुले माग गरेका छन् । राष्ट्रियसभाको बुधबारको बैठकमा सांसदहरुले एसएसबीले तुइन काट्दा एक नेपाली युवाको ज्यान गएकाले यसबारे वार्ता अगाडि बढाउन माग गरेका हुन् ।

विशेष समयमा प्रमुख विपक्षी दल एमालेका सांसदहरुले दार्चुलामा एसएसबीले तुइन काट्दा स्थानीय जयसिंह धामी बेपत्ता भएको घटनालाई सरकारले गम्भीरतासाथ नलिएको पनि आरोप लगाएका छन् । सांसदहरुले महाकालीमा बेपत्ता धामीको खोजी गर्न तथा उनको परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराएका छन् । सांसद खिमलाल भट्टराईले एसएसबीले तुइन काटिदिँदा पनि सरकार मौन बसेकामा आपत्ति प्रकट गरे ।

भारतसित ठोस् पहल गर्नका लागि सरकार पछि हटेको भट्टराईले आरोप लगाए । प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्ना समकक्षीसित तत्काल वार्ता गर्न भट्टराईले माग गरे । "वर्तमान सरकारले तुइन विस्थापन गर्न उचित कदम चालोस्", उनले भने । अघिल्लो सरकारले नै खोपको आपूर्ति गरेको, तर वर्तमान सरकारले त्यसलाई आफ्नो उपलब्धि ठानीरहेको बताए । थप खोप आपूर्ति गर्न सरकारले कुनै पहल गर्न नसकेको बाँकी पृष्ठ २ मा



# उच्च अदालत पाटनले भन्यो, 'विश्व हिन्दु महासंघको भवनलाई क्षति पुग्ने गरी कुनै काम नगर्नु'




**काठमाडौं/मस–** उच्च अदालत पाटनले विश्वहिन्दु महासंघको काठमाडौं महानगरपालिका वडा नम्बर ३ स्थित भवनमा क्षति पुग्ने गरी कुनै काम नगर्न अन्तरिकालिन अन्तरिम आदेश दिएको छ । महासंघको भवनलाई क्षति पुग्ने गरी काठमाडौं महानगरपालिकाले डोजर लगाएपछि महासंघ उच्च अदालत पुगेको थियो । उच्च अदालत पाटनका न्यायाधीश वामदेव ज्ञवालीको एकल इजलासले बुधबार अन्तरिकालिन अन्तरिम आदेश दिएको हो । उच्च अदालतले काठमाडौं महानगरपालिका वडा नम्बर ३ को साविकको कित्ता नम्बर ३४, ४३, २२ र ५०६ का हालका विभिन्न कित्ता नम्बरमा रहेको विश्वहिन्दु महासंघको भवनमा कुनै पनि क्षति हुनेगरी काम नगर्न काठमाडौं महानगरको नाममा अन्तरिम आदेश दिएको हो ।

इजलासले यस विषयमा अन्तरिम आदेश दिने वा नदिने विषयमा छलफलका लागि दुबै पक्षलाई यही साउन २७ गतेका लागि पेशी तोकेको छ । उच्च अदालतले विपक्षीका नाममा कारण देखाऊ आदेशसमेत जारी गर्दै १५ दिन भित्र जवाफ दिन भनेको छ । महासंघले आफ्नो स्वीकृति विना वडा नम्बर ३ ले ठेकेदारमार्फत यस्तो वर्षाको समयमा महासंघको पछाडि पट्टिको भिरालो जमिनमा गहिरो गरि खनेको हुनाले भवनमा नै क्षति पुग्ने देखिए भन्दै उच्च अदालत पाटनमा रिट दायर गरेको थियो । काठमाडौं महानगरपालिका वडा न ३ स्थित कित्ता नम्बर ५०६ को नेपाली सेनाको नाममा रहेको जग्गाबाट महासंघको भवन बनाउन नेपाल सरकारको स्वामित्व रहने गरि २०६२ भदौ ३० गते मन्त्रिपरिषद्को निर्णयबाट महासंघलाई भोगाधिकार दिएको थियो । काठमाडौं महानगरले भने सो जमिन आफ्नो स्वामित्वमा ल्याउन डोजर चलाएको महासंघले बताएको छ ।

### गृहमन्त्रीद्वारा देशको शान्ति सुरक्षाबारे जानकारी

**काठमाडौं/मस–**गृहमन्त्री बालकृष्ण खाँणले देशको शान्त सुरक्षाको बारेमा जानकारी लिएका छन् । गृहमन्त्रालयमा बुधबार प्रधानसेनापति पूर्णचन्द्र थापा र कायममुकायम प्रधान सेनापति प्रभुराम शर्मासँग भेट गरी मुलुकको समग्र शान्ति सुरक्षाबारे लिएका हुन् ।

भेटमा देशको शान्ति सुरक्षा, कोभिड नियन्त्रणबारे छलफल भएको गृहमन्त्री खाँणको स्वकीय सचिव बिजेश न्यौपानेले जानकारी दिए । चैतसम्म देशभर कोरोना खोप उपलब्ध गराउनेबारे पनि भेटमा छलफल भएको थियो ।

यसैबीच बुधबार नै गृहमन्त्री खाणले गण्डकी प्रदेशका कानून, सञ्चार तथा प्रदेश संसदीय मामिलामन्त्री बिन्दुकुमार थापासँग पनि भेटघाट गरेका छन् ।

भेटमा गण्डकी प्रदेशको पछिल्लो कार्य प्रगति र भावी योजनाको बारेमा छलफल भएको थियो । भेटमा मन्त्री थापाले गण्डकी प्रदेश पर्यटकीय क्षेत्र भएकाले पर्यटन व्यवसायी र गण्डकी प्रदेशका जनताको लागि आवश्यक खोपको उपलब्ध गराउन संघीय सरकारका मन्त्री खाँणसमक्ष आग्रह गरेका थिए ।

# बाँकेमा ३ दिने पानीजन्य आपतकालीन खोज तथा उद्धार तालिम सम्पन्न

**पवन जायसवाल/मध्यान्ह**
बाँके, २० साउन



बाँकेमा ३ दिने पानीजन्य आपतकालीन खोज तथा उद्धार तालिम सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखाको आयोजनामा उक्त तालिमको बुधबार समापन गरिएको हो ।

कार्यक्रममा बाँकेका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले पहिलो उद्धारकर्ता समुदाय आफैँरहेको भन्दै उनीहरुको क्षमता विकासमा नेपाल रेडक्रसले गरेको योगदान प्रशंसानीय रहेको बताए । बाढी विपदको पूर्वतयारी गर्ने क्रममा समुदाय स्तरका व्यक्तिहरुलाई दक्ष बनाउने अभिप्रायले आयोजित प्रशिक्षणमा पानीजन्य आपतकाल, स्थानीय साधन स्रोतको प्रयोग गरी उद्धार गर्ने विधि, रबरबोट चलाउने तारिका र घाइते भएका व्यक्तिहरुलाई प्राथमिक उपचार गने विधि लगायत विषयमा प्रशिक्षण दिएको थियो मुख्य प्रशिक्षक संशस्त्र प्रहरी बल शम्शेरगंजका सई टेकप्रसाद आर्चायले बताए ।

जिल्ला विपद् व्यवस्थापन समिति/आपत्कालीन कार्यसंचालन केन्द्रको समन्वय उक्त तालिममा डुडुवा गाउँपालिका र खजुरा गाउँपालिका अन्तर्गत विपद् प्रभावित क्षेत्र भित्रका समुदाय र सोही वडामा रहेको प्रहरी चौकीका प्रतिनिधिहरु गरी २४ जनाको सहभागिता रहेको थियो ।

तालिममा सहभागीहरुले आफूहरुले पहिला पनि उद्धार गर्दै आएको तर लाइफजाकेट, रोप (डोरी) जस्ता सामग्री नहुने र केही उपलब्ध भएपनि सही तारिकाबाट प्रयोग गर्न नजानेको हुँदा जोखिम लिएर उद्धार गरेको अनुभव सुनाएका थिए । अबका दिनमा आफ्नो प्रथम सुरक्षा गर्दै सिकाइएको विधि अनुसार उद्धार गर्न सक्षम भएको पनि उनीहरुले बताएका छन् ।

तालिमको अन्तिम दिनमा डुडुवा गाउँपालिका वडा नं. ५ नानुपुर्वा स्थित पोखरीमा सीप परिक्षण अर्थात् कृत्रिम घटना अभ्यास समेत गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंह सम्झनाको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, शसस्त्र प्रहरी बलका प्रहरी उपरिक्षक अशोक बम, जिल्ला प्रहरी कार्यालयका नि. कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपाने, नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका मन्त्री अजीज अहमद सिद्दिकी लगायतको उपस्थिति रहेको थियो ।

३ दिने तालिममा शसस्त्र प्रहरी बलका टेकप्रसाद आर्चाय, रमेश थापा, रेडक्रसका दोलखबहादुर डाँगी, रुपन ज्ञवाली र प्रहलाद विश्वकर्माले सहजीकरण गरेका थिए ।

# पशुपति क्षेत्रलाई स्वच्छ राख्न डष्टविन हस्तान्तरण

**काठमाडौं/मस–** पशुपति क्षेत्रलाई सफा, स्वच्छ र हराभरा राख्न साहना प्रधान स्मृति प्रतिष्ठान र कालीदल गणले पशुपति क्षेत्र विकास कोषलाई १०० वटा डष्टविन हस्तान्तरण गरेको छ ।

कोषको कार्यालयमा बुधबार आयोजित कार्यक्रममा प्रतिष्ठानको अध्यक्षसमेत रहेकी सांसद रामकुमारी झाँक्री र गणका प्रमुख सेनानी जीतेन्द्र बानियाँ क्षत्रीले कोष सञ्चालक परिषद्का सदस्यद्वय आशा पाण्डे र उद्धव बडाल एवं कार्यकारी निर्देशक डा.घनश्याम खतिवडालाई डष्टविन हस्तान्तरण गरेका हुन् । सो अवसरमा सांसद झाँक्रीले कोभिडका कारण आफन्त एवं साथीभाइ गुमाएर पशुपति क्षेत्रमा फूल चढाउन आउँदा मास्क फाल्ने स्थानसमेत नभेटेपछि कोषलाई डष्टविन सहयोग गर्ने सोच आएको बताइन् । कोरोना संक्रमण उच्च भएर दिनमा १०० वटासम्म शव व्यवस्थापन नेपाली सेनाले गर्नुपरेकाले यसअघि ट्रलीसमेत दिइसकेको उनले बताइन् ।

सांसद झाँक्रीले पशुपति क्षेत्रमा प्रविधियुक्त शवदाह गृह निर्माणका लागि पनि सहयोग जुटाउन तयार रहेको प्रतिबद्धता व्यक्त गरिन् । संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिव यादवप्रसाद कोइरालाले पशुपति क्षेत्रलाई बृहत् अन्तर्राष्ट्रिय गन्तव्यस्थलका रुपमा विकास गर्न मन्त्रालयले सहयोग गर्ने बताए । धार्मिक, सांस्कृतिक पहिचान बोकेको पशुपति क्षेत्रको विकासका लागि आर्थिक एवं भौतिक सहयोग गर्न सरकार तयार रहेको उनको भनाइ थियो । वाग्मती प्रदेशसभा सदस्य लक्ष्मण लम्सालले सधैं सफा, स्वच्छ र हराभरा राख्न सफाइ सामग्री हस्तान्तरण गरिएको बताए । कार्यक्रममा कार्यकारी निर्देशक खतिवडाले चार/पाँच सय बाँदर, ४० हजार परेवा, सयौंको संख्यामा गाई र कुकुर, १७० मृगलगायत पशुहरु रहेकाले फोहर राख्ने डष्टविनजस्ता सामग्री सुरक्षित राख्नसमेत चुनौती रहेको बताए ।

# धामी हत्याको विरोधमा नागरिक पार्टीद्वारा निन्दा

**देवेन्द्र आलोक/मध्यान्ह**
झापा, २० साउन



नेपाली नागरिक पार्टी केन्द्रीय समितिले साउन १५ गते बिहान दार्चुलास्थित ब्यास नगरपालिका वडा नं. २ खाडदांग मालघाटका जय सिंह धामी घटनाको भत्सना गरेको छ । पार्टीले बुधबार एक विज्ञप्ति जारी गर्दै घटनाको निन्दा गरेको हो ।

यात्रा छोटो बनाउन ब्यास नगरपालिका बडा नम्बर २ मालघाटबाट तुइनको प्रयोग गरी महाकाली नदि पार गरेर भारत पुगी गाडी चढेर दार्चुला जिल्ला सदरमुकाम जाने क्रममा जय सिंह धामी महाकाली नदीमा खसेर बेपत्ता भएका थिए । पार्टीका राष्ट्रिय अध्यक्ष रामचन्द्र बानियाँ क्षेत्रीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'जब पार्टीहरु सरकारमा पुग्दछन् । तुइन हटाउने घोषणा गरेपनि नारा दिने र नेपाली जनता दैनिक जीवन चलाउन तुइनको प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ । '

विज्ञप्तिमा उक्त दार्चुला घटनाका सन्दर्भमा तुइन चढ्ने क्रममा सिमा सुरक्षामा खटिएका भारतीय सीमा सुरक्षा बल एसएसबीले धामीको तुइनबाट पार हुने क्रममा तुइनको लठ्ठा काटिदिएको र व्यक्ति महाकाली नदीमा खसेर बेपत्ता भएकाले अबिलम्ब सो घटना सम्बन्धमा सत्यतथ्य जाँच गरी दोषीमाथि कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिनका लागि समेत माग गरेको छ । विज्ञप्तिमा नेपाल भारत सीमा क्षेत्रमा हुने यस प्रकृतिका घटनाहरु अमानवीय, निन्दनीय र क्रुर हो भन्दै यस्ता घटनाहरु नदोहोरियोस भन्दै ध्यानाकर्षण गराएको छ ।

### टुंगिएन...

काँग्रेसको चौधौं महाधिवेशन आगामी १६-१९ भदौमा तोकिएको छ । तर महाधिवेशन निर्धारित मितिमै हुने संभावना भने लगभग सकिएको छ । किनकि निर्धारित कार्यतालिका अनुसार १२ साउनमै वडा अधिवेशन भइसक्नुपर्ने थियो । तर अझै क्रियाशील सदस्यता विवरण नटुंगिएकाले वडा अधिवेशन निश्चित छैन । वडा, स्थानीय तह, प्रदेश निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश अधिवेशन सकेर महाधिवेशन गर्नुपर्नेछ । यी सवै अधिवेशनको जग भनेको क्रियाशील सदस्यता हो ।

अत: काँग्रेसको महाधिवेशन निर्धारित मितिमा हुने संभावना कम छ । जबकी काँग्रेसलाई भदौ २३ भित्र महाधिवेशन गराउनैपर्ने संवैधानिक बाध्यता छ । संविधानले पाँच वर्षभित्रै महाधिवेशन गराउनुपर्ने व्यवस्था गरेको छ । तर पाँच वर्षमा नसकिएको विशेष समय भनेर थप ६ महिनासम्म सार्न सकिन्छ । काँग्रेसको विधानले भने चार वर्षभित्र महाधिवेशन गराउनुपर्ने हुन्छ ।

तर सभापति देउवाले चार वर्षसम्म विभागहरु नै बनाउन सकेका थिएनन् । दुई महिनाभित्र बनाउनुपर्ने विभाग चार वर्षसम्म गर्न सकेनन् । अहिले पार्टी नेतृत्व हत्याउने स्वार्थका कारण क्रियाशील सदस्यता वितरणमा विवाद बढेर गएको छ ।

### सांसदहरूको...

आरोप उनले लगाए । सांसद इन्दु कडरियाले एसएसबीले तुइन काटेर अमानवीय काम गरेको भन्दै त्यसको जति निन्दा गरे पनि कम हुने बताए । तुइन काटेको घटनाप्रति सरकार संवेदनशील हुन नसकेको आरोप बताए । खुला सीमानाका कारण एसएसबीको ज्यादती बढेको उनको भनाइ थियो । "यस्तो ज्यादती कहिलेसम्म सहेर बस्ने ? यसप्रति गम्भीर बन्न सबैको ध्यानाकर्षण गर्न चाहन्छु", कडरियाले प्रश्न गरिन् ।

सत्तारुढ नेपाली कांग्रेसका सांसद अनिता देवकोटाले धामी बेपत्ता भएको प्रकरणमा स्पष्ट जवाफ दिन माग गरिन् । धामीको खोजीका लागि पहल गर्नुपर्नेमा जोड दिँदै पीडित परिवारलाई उचित क्षतिपूर्ति दिन पनि माग गरिन् । आफ्नै भूमि भएर सदरमुकाम आवतजावत गर्ने व्यवस्था मिलाउन अनुरोध देवकोटाले बताइन् । कांग्रेसका अर्का सांसद रमेशजंग रायमाझीले दुई वर्षमा तुइन विस्थापित गर्ने घोषणा घोषणामै सीमित रहेको बताए । उनले अझै धेरै ठाउँमा तुइन यथावत रहेको र महाकालीमा मात्रै सातवटा तुइन बाँकी रहेको जानकारी गराउँदै तुइन तर्दा धामी नदीमा बेपत्ता भएको घटना स्मरण गराए ।

माओवादी केन्द्रका सांसद गोपीबहादुर सार्की अछामीले दार्चुलाको महाकाली नदीमा भएको घटनाका विषयमा छानबिन गरी सत्यतथ्य पत्ता लगाउन आग्रह गरे । भारतसँगको उच्चस्तरीय वार्तामार्फत समस्या समाधान गर्न पनि सरकारसँग उनको माग थियो ।

### विदेश...

दक्षता बिना नै वैदेशिक रोजगारीमा जाँदा नेपाली कामदारहरुले परिश्रम अनुसारको ज्याला पाउन नसकेको गुनासो वर्षौदेखि रहेको छ । कामको आवश्यक ज्ञान नहुँदा त्यसले अंगभंग हुने र अकालमा मृत्युलाई समेत निम्त्याउने विज्ञहरुको भनाइ रहेको छ । वैदेशिक रोजगारीका क्रममा गत वर्ष १ हजार २ सय ४२ जनाको ज्यान गएको छ । वैदेशिक रोजगार बोर्डका अनुसार गत वर्ष साउदी अरबमा सबैभन्दा बढी र त्यसपछि क्रमशः मलेसिया, यूएई, बहराइन, जापान, ओमान, जोर्डन, मकाउ, रोमानिया, टर्की, अफगानिस्तान, अल्जेरिया, चीन, साइप्रस र सेसेल्सलगायतका देशमा नेपाली कामदारको मृत्यु भएको छ । बोर्डले गत वर्ष वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका १ हजार २ सय ४३ परिवारलाई आर्थिक सहायतास्वरुप ७३ करोड ७७ लाख १५ हजार रुपैयाँ उपलब्ध गराएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६१/११/१० मा दर्ता भएको प्रा.लि. नं. ३२१८२ को **भूवनेश्वरी रोडा उद्योग प्रा.लि.** नामक कम्पनीको सम्पूर्ण शेयर स्वामित्व परिवर्तन भएको हुदाँ, मिति २०७८/०४/२० गते सम्म उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साउदीमा रोजगारको अवसर** | १. कम्पनी : BASMA FANAR CAFE शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०४/२० चलानी नं.: ६०१६१०९७ LT. No.: 243343

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,२५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factor | 1 | 0 | | 1000 | ३१,६१० | | | | | | | |
| 3. | Restaurant Worker | 1 | 0 | | 1000 | ३१,६१० | | | | | | | |

२. कम्पनी : Salem Ali Mohammed Al Mahri Foundation for Maintenance and Finishing शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०४/२० चलानी नं.: ६०१६१०९८ LT. No.: 243340

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 709/064/065
**FAZAL INTERNATIONAL PVT. LTD.**
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

**साउदीमा रोजगारको अवसर** | १. कम्पनीः NAKAHAT ARYAF DAMASCUS RESTURANT शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/04/२० चलानी नं.: ६०१६१०९४ LT. No.: 243200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः East Professional Food Trade Corporation शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/04/२० चलानी नं.: ६०१६१०९३ LT. No.: 243476

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WORKER LOADING & UNLOADING | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Sasha Overseas Pvt. Ltd.** Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 4492240, 4492241

**साउदीमा रोजगार** | १. कम्पनी : Mansour Omar Badi Al-Otaibi Foundation for Land Transport शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०४/२० चलानी नं.: ६०१६१०९६ LT. No.: 243330

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck driver | 7 | 0 | स. काममा दक्ष | 1800 | ५६,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन २८ गते (12 Aug., 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Lic No.: 836/066/067
**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोनः ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

**साउदीमा रोजगार** | १. कम्पनी : CAFE KAMAR FOR BEVERAGES शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०३/१६ चलानी नं.: ६०१५९४६१ LT. No.: 241684 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AL-KAABI FACTORY FOR MANUFACTURE & COATING STEEL CO. शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०३/१६ चलानी नं.: ६०१५९४५८ LT. No.: 241601 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Machine Operator | 4 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ६९,५४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 4 | 0 | | 1800 | ५६,८९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 Aug. 2021) हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ निःशुल्क क.नं. २ रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link International Placement Service Pvt.ltd.** ISO 9001 : 2015
Govt. Lic. No.: 821/066/067
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



काठमाडौंको असनमा गठेमंगलकानिम्ति धातुको औँठीहरू किन्दै सर्वसाधरण । सरकारले निषेधाज्ञा लम्ब्याएर भिडभाड नगर्न निर्देशन दिन पनि भिडभाड भने घटेको छैन ।
तस्बिर दिपेन्द्र श्रेष्ठ ।

# कोरोना खोप नलगाई भारत जाँदै नेपाली कामदार

**हिमेश बि.क./मध्यान्ह**
धनगढी, २० साउन



कोरोना भाइरसविरुद्धको खोप उपलब्ध भएका देशमा अर्थतन्त्र चलायमान भएपछि विदेशी कामदार उच्च प्राथामिकतामा देखिएका छन् । विश्व स्वास्थ्य संगठनले कोरोना भाइरसविरुद्धको खोप स्वीकृत गरेपछि नेपाली कामदारहरुको प्रमुख गन्तव्य खाडीका विभिन्न मुलुक र छिमेकी राष्ट्र भारत परेको छ ।

विश्व स्वास्थ्य संगठनले कोरोना भाइरसविरुद्धको खोपलाई स्वीकृत गरेतापनि सुदूरपश्चिम प्रदेशमा कोरोना खोप नलगाई भारत जाने नेपाली कामदारको लर्को भने दिनानुदिन बढ्दै गएको छ । विश्व स्वास्थ्य संगठनले कोरोना भाइरसविरुद्धको खोपलाई उच्च प्राथामिकता दिएतापनि भारतमा रोजगारीका लागि जाने कामदारहरुले कोरोना खोप नलगाई भारत प्रवेश गर्नेगरेको पाइएको छ ।

भारतले कोरोना खोप लगाएर मात्रै भारत प्रवेश गर्नुपर्छ भनेर बाध्य बनाएको छैन । खोप नलगाएपनि प्रवेश अनुमति दिएको छ । त्यही भएर कोरोना भाइरसविरुद्धको खोप नलगाएको आलिताल गाउँपालिकाका प्रमोद बोहराले बताए । उनले भने, 'अब भारतमा गएर कोरोना खोप लगाउँछौं ।'

रोजगारीका लागि भारत जानेको लर्को धनगढीको त्रिनगर भन्सारमा दैनिक लगभग ३५ सयको हाराहारीमा देखिन्छ । यि कसैले पनि कोरोनाखोप नलगाई भारत प्रवेश गर्ने गरेका छन् । खाडी मुलुकका कतिपय देशले आफुले मान्यता दिइएको खोप नलागएकालाई आफ्नो देशमा प्रवेश गर्न दिएको छैन । यूएईले त झन् नेपाललाई प्रतिबन्ध नै लगाएको छ ।

फाइजर, बायोनेटक, मोर्डना, जोन्सन एण्ड जोन्सन र अक्ट्राजेनका गरी पाँच कम्पनीका खोपलाई विश्व स्वास्थ्य संगठनले मान्यता नै दिएको छ । तर,नेपालमा भारत जाने कामदारहरुले मात्र हैन ? नेपालमै रहेका नेपालीहरुले समेत कोरोनाविरुद्धको खोप लगाउन पाएका छैनन् ।

भारतले पहिलो चरणको कोरोना भाइरस(कोभिड१९) शुरु भएलगत्तै भारतमा रोजगारमा रहेका आधा नेपालीलाई नेपालमै फर्काइका थिए । नेपालमा आफ्नो भविष्य नदेखेपछि रोजगारकै लागि ती नेपाली भारतमै फर्कन बाध्य भएका छन् । सरकारले भारतमा रोजगारका लागि जाने कामदारहरुलाई कोरानाविरुद्धको खोप लगाउन चासो देखाएको छैन । 'नेपाल र भारत छिमेकी राष्ट्र भएकै कारण भारत जाने नेपाली कामदारलाई कोरोना खोप नलगाएको हो कि ?,' भारत जाने कामदारको जिज्ञासा रहेको छ ।

भारतले खोप नलगाएको कामदारलाई सहजै प्रवेश अनुमति दिएपनि भारतमा पुगेपछि कम्तीमा १५ दिन अनिवार्य क्वारन्टिनमा अनिवार्य बस्नुपर्छ । कैलाली स्वास्थ्य कार्यालयका प्रमख लालबहादुर धामीका अनुसार कोरोना खोप अनिवार्य गरिएको छ ।

उनले भने, 'कसैले खोप लगाएर जाने गरेका छन् भने कसैले नलागाई जाने गरेका छन् । भारतमा रोजगार जानेका लागि अनिवार्य भने गरेका छैनौं । तर, खाडी मूलुकका लागि भने अनिवार्य गरेका छौं ।'उनले भारत जाने कति कामदारले कोरोनाविरुद्धको खोप लगाएका छन् भन्ने यकिन तथ्यांक नभएको मध्यान्हलाई बताए । अबका दिनमा नाकाको प्रवेशद्वारमा गएर रोजागारीका लागि जाने कामदारलाई खोप लगाउने अभियान शुरु गर्ने उनले जानकारी दिए ।

# दार्चुला तुइन घटनाको सत्य तथ्य बाहिर ल्याउँछौं : संयोजक गौतम



**दार्चुला डायरी**
**गणेश सिंह धामी/मध्यान्ह**

दार्चुलाको व्याँस गाउँपालिका २ को तुइन घटनाको सत्य तथ्य बाहिर ल्याउने छानविन समिति संयोजक जनार्दन गौतमले पत्रकार सम्मेलन गरि बताएका छन् ।व्याँस गाउँपालिका २, राप्ला मालका स्थानीय ३३ वर्षीय जयसिंह धामी गत साउन १५ गते तुइन तर्ने क्रममा भारतीय एसएसबीले तुइन काट्दा महाकाली नदीमा बेपत्ता भएका थिए । उक्त घटनाको छानविन गर्न गठित समितिले बुधबारबाट उक्त घटनाको अनुसन्धान शुरु गरेको हो । नेपाल सरकार गृह मन्त्रालयका सहसचिव तथा व्याँस घटनाका संयोजक समेत रहेका गौतम नेतृत्वको टोली मंगलबार दार्चुला सदरमुकाम खलंगा आईपुगेको थियो । छानवीन टोलीले बुधबार विहानै बाट घटनाका प्रत्यक्षदर्शीहरु कल्यान सिह धामी, विक्रम रङकोली र अनिता धामीसँग घटनाको बारेमा बयान लिन सुरु गरेको थियो । दिउँसो साढे चार बजे पछि दार्चुला जिल्लास्थित सञ्चारकर्मी तथा मानवअधिकारकर्मी, राजनीतिक दल र स्थानीय जनप्रतिनिधीहरुबीच पनि टोलीले घटनाको बारेमा जानकारी लिएको थियो ।

'यो घटनामा सबै भन्दा महत्वपुर्ण पक्ष भनेको प्रत्यदर्शी नै हुन', संयोजक धामीले भने, 'हामीले प्रत्यक्षदर्शीहरुसंग कुराकानी गरेका छौं, साथै त्यस क्षेत्रको बस्तुस्थिति बुझेका जनप्रतिनिधि तथा स्थानीय नागरिकहरुसंग पनि छलफल गर्नेछौं ।'

संयोजक गौतमले आफु बिगतमा दार्चुला मै सिडिओ भएर बसेको र केही भुगोलको बारेमा आफुलाई थाहा भएको उल्लेख गर्दै सबैले सहयोग गरिदिए घटनाको सत्य तथ्य छिट्टै बाहिर आउने बताए ।

छानविन समितिले दार्चुला जिल्लामा रहेका पत्रकार तथा मानब अधिकारकमीहरुसँग घटनाको बारेमा जानकारी लिएको छ । पीडित परिवारलाई उचित राहत र क्षतिपूर्तिका लागि पनि छानविन समितिले गम्भिर ढंगले सोच्ने छानविन समिति संयोजक गौतमले बताए ।

# शैल्यशिखरका मेयर धामीद्वारा विद्युत सहजीकरणका लागि उर्जा मन्त्रालयलाई ज्ञापन



दार्चुलाको शैल्यशिखर नगरपालिकाका मेयर अमर सिंह धामीले उर्जा तथा जलश्रोत मन्त्रालयमै पुगेर आफ्नो नगरपालिकामा छुटेका बस्तीहरुमा अविलम्व विद्युतीकरण गराउन माग गर्दै उर्जा मन्त्रीलाई ज्ञापन पत्र बुझाएका छन् ।

मेयर धामीले ज्ञापन पत्रमा आफ्नै नगरपालिका भित्र सुदुरपश्चिमकै सबैभन्दा ठूलो चमेलिया जलविद्युत ३० मेगावट र दोस्रो ठूलो आयोजना अपी हाइड्रो पावर कम्पनी हुँदै हुँदै पनि शैल्यशिखरले अझै पनि अन्धाकारमा बस्नु परेको बिडम्बना बताए । संविधानले व्यवस्था गरे अनुरुप तीन स्थानीय तहका सरकारले कानुनतः पाउनु पर्ने रोयल्टीसमेत अहिलेसम्म आफुहरुले नपाएको मेयर धामीले ज्ञापन पत्रमा उल्लेख गरेका छन् ।रोयल्टीको लागि पटक पट्क माग राख्दा पनि प्राधिकरणले वेवास्था गरेको ऊर्जा जलश्रोत तथा सिचाई मन्त्री समक्ष मेयर धामीले गुनासो गरे ।

ज्ञापन पत्रमा शैलयशिखर नगरपालिकाको चमेलिया हाइड्रोपावर र अपी हाइड्रोपावर ४६.५ मेगावट विद्युत उत्पादन भइ १३२ केभी प्रसारण लाइनबाट कैलालीको अत्तरिता हुँदै केन्द्रीय प्रसारणमा जोडेर नियमित विद्युत आपूर्ति भएको चार वर्ष बितिसक्दा पनि दार्चुला जिल्लालगायत आफ्नो नगरपालिकाका बासिन्दाहरु अन्धाकारमै बस्नु परेको उल्लेख छ ।

पूर्ण विद्युतीकरणको लागि आवश्यक बजेट विनियोजन गरिदिन ज्ञापन पत्रमार्फत मेयर धामीले उर्जा जलश्रोत तथा सिचाइ मन्त्रालयसमक्ष माग गरेका छन् ।

# कञ्चनपुरमा सुरक्षित चेली अभियान सवारी साधनमा टाँसियो जनचेतनामुलक स्टिकर

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २० साउन



कञ्चनपुरमा महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्ध सामूहिकरुपमा जनचेतना फैलाउन थालिएको छ । सामुदायिक प्रहरी सेवा केन्द्र महेन्द्रनगरले सुरक्षित चेली अभियान अन्तर्गत 'महिला हिंसा र दुर्व्यवहार, छैन हामीलाई स्वीकार' भन्ने नारा सहित जनचेतना फैलाउन थालिएको हो ।

महिला तथा बालबालिकामाथि हुने हिंसा र दुर्व्यवहारविरुद्ध जनचेतना सन्देश समेटिएका पर्चा पम्लेट वितरण, सवारी साधनमा स्टिकर टाँस्ने लगायतका कार्य गरिएका छन् । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका अनुसार महेन्द्रनगर बजारमा दुई सय ५० सवारी साधनमा स्टिकर टाँस गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक शिद्धराज न्यौपानलेले महिला तथा बालबालिकामाथि हुने हिंसा र दुर्व्यवहार न्यूनीकरणका लागि जनचेतना फैलाउन कार्यक्रम सहयोगी हुने बताए । 'महिला तथा बालबालिकामाथि हिंसा र दुर्व्यवहार बढ्दो छ, यौनजन्य अपराध पनि बढेको छ,' प्रहरी नायब उपरीक्षक न्यौपानेले भने, 'त्यसविरुद्ध जनचेतना फैलाउन कार्यक्रम गरिएको छ ।' महेन्द्रनगर बजारको चम्मनचोक र मदनचोकमा कार्यक्रम गरिएको छ । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कञ्चनपुर, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र महेन्द्रनगर, जिल्ला ट्राफिक कार्यालय कञ्चनपुर लगायतका प्रतिनिधि सहभागी भएका थिए ।

# सिभिटन क्लवद्धारा पाँच विद्यालयमा अक्षयकोष स्थापना

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), २० साउन

रामपुर नगरपालिकाका पाँच सामुदायिक विद्यालयमा सिभिटन क्लव अफ रामपुरले अक्षयकोष स्थापना गरेको छ ।सिभिटन इन्टरनेशनल अन्तर्गत क्लवले गरिब तथा जेहेन्दार विद्यार्थीको पठनपाठनमा सहयोग पुर्‍याउन यहाँका पाँच विद्यालयमा रु ११/११ हजार राशी बराबरको अक्षयकोष स्थापना गरेको हो । नवदुर्गा मावि, सीताराम मावि, कालिका मावि, रामपुर आधारभूत विद्यालय र बालकल्याण प्राथमिक विद्यालयमा स्थापना गरिएको अक्षयकोष विद्यालयलाई हस्तान्तरण गरिएको क्लवका सचिव दिपेन्द्र भट्टराईले जानकारी दिए ।

अक्षयकोष रकमबाट एक/एक जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई वार्षिकोत्सवको अवसरमा छात्रवृत्ति वितरण गरिने क्लवले जनाएको छ । अक्षयकोष स्थापना भएका विद्यालयमा मुल राशीमा रकम थप गर्ने र यहाँका अन्य बाँकी विद्यालयमा पनि विस्तार गरिने योजना रहेको क्लवले जनाएको छ ।

# नुवाकोटको विदुर नगरपालिका तोडफोडमा संलग्न ६ जना वडाध्यक्षविरुद्ध उजुरी

**नुवाकोट डायरी**
**दिवस ढकाल/मध्यान्ह**



नुवाकोटको विदुर नगरपालिकाको कार्यालयमा सोमबार भएको तोडफोडको घटनालाई लिएर विदुर नगरपालिकाले नगरका ६ जना वडाध्यक्षविरुद्ध प्रहरीमा उजुरी दर्ता गरेको छ ।

नगरपालिकाको कार्यालयले उनीहरुविरुद्ध फौजदारी संहिता २०६४ अनुसार कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराएको नगर प्रमुख सञ्जु पण्डितले जानकारी दिए । नगरपालिका तोडफोड गरेको आरोपमा विदुर नगरपालिका-२ का वडाध्यक्ष विरेन्द्रकुमार शाही, वडा नम्बर ३ का वडाध्यक्ष बद्री रिमाल, वडा नम्बर ७ का वडाध्यक्ष महेन्द्र तामाङ, वडा नम्बर ८ का वडाध्यक्ष फैसिङ तामाङ, वडा नम्बर १० का वडाध्यक्ष गणेशकुमार नेपाल, वडा नम्बर १३ का वडाध्यक्ष दलवहादुर तामाङविरुद्ध मुद्धा दर्ता गरी कारवाहीको माग गरिएको नगरपालिकाले जनाएको छ । सोमबार विदुर नगरपालिका-१३ मा कार्यान्यनमा आएको सुन्तला कागती पकेट क्षेत्रको सम्बन्धित काममा अनियमितता भएको भन्दै कांग्रेस कार्यकर्ताहरुले नगरपालिकामा तालाबन्दी गर्ने क्रममा नगरपालिकाको कार्यालयमा तोडफोड गरिएको थियो । सोमबार भएको झडपमा स्थानिय तहको निर्वाचनमा कांग्रेसको तर्फबाट विदुर नगरपालिकाको उपमेयरका प्रत्यासी गिता अमात्य, तरुण दल वडा नम्बर १३ का अध्यक्ष रामचन्द्र लामा र ३ जना प्रहरीसमेत घाइते भएका थिए । नगरपालिकामा भएको तोडफोडबाट एक लाख रुपैयाँ बराबरको क्षति भएको नगरपालिकाले दाबी गरिरहेको छ । गत सोमबार नेपाली कांग्रेसले कागतीका नाममा भएको भ्रष्टाचारको विरोध गदै नगरपालिकाको कार्यालयमा तोडफोड गरेको थियो । नेपाली कांग्रेसले विदुर नगरपालिकाको वडा नम्बर १३ मा भएको कागतीको बेर्ना भ्रष्टाचारको विरोधमा प्रदर्शन गर्दै नगरपालिकाको कार्यालयमा तोडफोड थियो । विदुर नगरपालिकाले कागतीको बेर्नाका नाममा लाखौं रूपैयाँ भ्रष्टाचार गरेको आरोप लागेको छ ।नगरपालिकाले वडाध्यक्ष्यहरुलाई उजुरी हालेसँगै घटना नगरपालिकाको कारणले नै भएको जिकिर गदै नेपाली काङ्ग्रेसबाट निर्वाचित ६ जना वडाअध्यक्षाहरुले संयुक्त रुपमा विज्ञप्ति निकालेका छन् । 'कागती र सुन्तला पकेट क्षेत्र' सञ्चलनको विषयमा भएको अनियमितताको विरुद्धमा आवाज उठाएको र उक्त नगरीक आन्दोलनलाई राजनितिकरण गर्न खोजिएको वडा नम्बर १३ का वडा अध्यक्ष दलबहादुर तामाङले बताए ।विदुर नगरपालिका तोडफोडको घटनामा संलग्न व्यक्तिहरु विरुद्ध कारवाहीको लागि नगरपालिकाले उजुरी दिएको जानकारी नआएको वडा नम्बर ३ का वडाध्यक्ष वद्रिप्रसाद रिमालले जनकारी दिएका छन् । आन्दोलनरत पक्षल 'कागती र सुन्तला पकेट क्षेत्र' कार्यक्रम सञ्चालनको लागि पानी ट्याङ्कीको निर्माण, सुन्तला र कागतीका विरुवाहरु पूर्ण भरपाई अनुसार नबाडिएको, स्थानीयको मागभन्दा कम बाडिएको, कागती र सुन्तला जातका विरुवाहरु नर्सरी बनाई त्यतिकै राखिएको, समिति गठन गर्दा स्थानीहरुलाई जानकारी नदिएको, लाभग्राहीहरुको कृतिम हस्ताक्षर बनाएको जस्ता विषयहरुलाई लिएर आन्दोलन गरेका थिए ।

# नुवाकोटमा साउन मसान्तसम्म निषेधाज्ञा लम्बियो

**नुवाकोट/मस-** नुवाकोटमा आगामी साउन ३२ गतेसम्मका लागि निषेधाज्ञा थप गरिएको जिल्ला प्रशासन कार्यालय नुवाकोटले जनाएको छ ।

बुधबार जारी आदेशमा साउन २० गतेदेखि साउन ३२ गतेसम्म निषेधाज्ञा जारी रहने उल्लेख गरिएको प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद दुलालले बताए । निषेधाज्ञा अवधिभर सभा, सम्मेलन, पार्टी प्यालेस, सिनेमा हल, रेष्टुरेन्ट, डान्सबार, दोहोरी, नाचघर, क्लव, स्वीमिङ पुल, मनोरञ्जन स्थान, संग्रहालय, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसको भीडभाड हुने अन्य कार्यक्रम सञ्चालन गर्न प्रतिवन्ध लगाइएको छ ।

यस्तै खुला स्थानमा मानिसको भेला जम्मा हुन, भीडभाड गर्न, सभा, जुलुस, जात्रा, महोत्सव, भोजभत्तेर आदि गर्न पाइनेछैन । यस्तै शैक्षिक संस्थाहरुले भौतिक उपस्थितिमा पठनपाठन गर्न गराउन नपाइएने आदेशमा उल्लेख छ ।


## कतारमा रोजगारको अवसर | कम्पनी: Park Limited Services
शहर: Qatar

पुर्व स्वीकृत मितिः २०७८/०१/०१ चलानी नं.: ६०१५७४१५ LT. No.: 237890 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 5 | 0 | स. काममा दक्ष | 1800 | ५८,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Grand Fortune Employment Services Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal, Ph. : 4461577, 4461568

## सम्पादकीय

### सांसद नै बन्धक !

निश्चित नेताहरूको निहीत स्वार्थका कारण राष्ट्रिय राजनीतिमा उत्पन्न संकटको असर प्रदेशहरूमा देखिदै आएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र इतर गठबन्धन बीचको शक्ति संघर्षको असर सातै प्रदेशमा देखिएको हो । प्रधानमन्त्रीबाट ओली पदमुक्त हुनु अगाडिबाटै प्रदेशहरूमा संकट देखिएको थियो । ओलीलाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल मजदुर किसान (नेमकिपा) ले साथ दिएका छन् । तर एमाले बरिष्ठ नेता माधवकुमार नेपाल सहित नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाको गठबन्धन कायमै छ । यो गठबन्धन गएको ५ पुसमा प्रतिनिधिसभा विघटन गर्ने ओलीकै निर्णयका कारण बनेको थियो । ७ जेठमा दोस्रो पटक पनि ओलीले प्रतिनिधिसभा विघटन गरेपछि गठबन्धन झनै बलियो बन्यो ।

काँग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वमा गठबन्धन सरकार छ । गठबन्धन सरकारमा काँग्रेस र माओवादी केन्द्र सहभागी छ । ओलीलाई साथ दिदै आएका ठाकुर समूहले निर्वाचन आयोगबाट वैधानिकता नपाएकाले जसपाको पूर्ण साथ प्रधानमन्त्री देउवालाई छ । तर जसपा सरकारमा सामेल भइसकेको छैन । माधव समूह सरकारमा जाने वा नजाने निश्चित भएको छैन । जनमोर्चाले सरकारमा नजाने बताएको छ । यो गठबन्धन र ओली समूहको संघर्ष सिंहदरबारमा मात्रै नभएर प्रदेशहरूमा पनि कायमै छ । तर शक्ति समीकरणको संघर्षले भने राजनीतिलाई नै बिकृत बनाउने अभ्यास भएका छन् ।

बागमती बाहेक सवै प्रदेशसभामा प्रदेशसभा सदस्यहरू पदमुक्त छन् । प्रदेश १ मा माओवादी केन्द्र, प्रदेश २ मा माओवादी केन्द्र, गण्डकीमा जनमोर्चा, लुम्बिनीमा माओवादी र जसपा, कर्णालीमा एमाले र माओवादी अनि सुदूरपश्चिम प्रदेशमा माओवादी केन्द्रका नेताले पद गुमाएका छन् । जबकी जनादेश भने पाँच वर्षका लागि पाएका हुन् । अझ लुम्बिनीमा एमालेका दुई सांसदले राजीनामा नै दिए । संभवतः नेपालको संसदीय राजनीतिमा यो नौलो अभ्यास समेत हो । अझ उपनिर्वाचनबाट प्रदेशसभा सदस्य निर्वाचित विमला वलीको बक्तव्यले गम्भीर प्रश्न उठेको छ । बुधबार मात्रै वलीले मुख्यमन्त्री शंकर पोखरेलको कार्यालयमा बाध्य बनाएर एमालेको तर्फमा लागेको बक्तव्य सार्वजनिक गर्न लगाएको प्रष्टोक्ति दिएका छन्, सँगै आफै माओवादीमै रहेको बताएकी छन् । नेकपाबाट निर्वाचित वलीले गएको माओवादी केन्द्र रोजेकी थिइन् । अहिले जस्तो राजनीतिक घटनाक्रम र संसदीय गतिविधि देखिएका छन्, त्यसलाई नरोक्ने हो भने भविष्यमा समेत यसको गम्भीर असर पर्न सक्छ । यसर्थ, नेतृत्वले यसबारे एकपटक गम्भीर भएर सोच्न जरूरी छ ।

## सामाजिक सञ्जाल



शिक्षक परीक्षामा अख्तियारले कारबाही गरेको व्यक्ति नै सेवा आयोगको सदस्य नियुक्त । निवर्तमान सरकारको पालामा भएको भए यो समाचार, नयाँ पत्रिका, शिलापत्र, सेतोपाटी, इकागजमा कुन हेडलाइनमा छापिन्थे होला र ओलिको सुशासन भन्दै कसरी सेयर गरिन्थे होला भनेर रोमाञ्चित हुँदैछु ।

**- महेश क्षेत्री**




विमला जी साँच्चै अपहरणमा नै परेको हो भने रूँदै हिँड्नुभन्दा अपहरण तथा शरीर बन्धकको आरोपमा जाहेरी दिए हुन्छ नी ! सांसद जस्तो मान्छेले पनि उजुरी दिन नसक्ने अनि राज्यले सुरक्षा र न्याय दिन नसक्ने हो भने हामी जस्तो सर्व साधारणको त झन् के हालत होला हजुर ?

**- क्रान्ति डल्डाकोटी**



तुइन काण्ड ढिसमिस हुन्छ हुन्छ । अन्तिममा धामी आफैँ झरेर बेपत्ता भएको निष्कर्षमा पुग्छ सरकार । यो सरकारले भारततिर फर्केर बोल्ने आँट कुनैपनि हालतमा गर्दैन, जुन थालमा खायो त्यही थालमा थुक्नेले मालिकको गल्ति औल्याउँन सक्दैन । सीमानामा बसोबास गर्ने नेपालीहरूले अब होस गरे हुन्छ ।

**- सुनिल चाम्लिङ**



नेताभन्दा पनि सरकारी कर्मचारीहरू कुलमान जस्तै इमानदारी भइदिए देशले कोल्टे फेर्न कुनै समय लाग्दैन । तर यहाँ एउटा इमानदार राष्ट्र सेवक जन्मिनुभन्दा अगाडि हजारौं भ्रष्टले जन्म लिइसकेको हुन्छ । त्यहीं भ्रष्टहरूको छत्रछायामा हिड्ने नेताहरूमा इमान्दारी खोज्नु मुर्खता हो ।

**- क्षेत्री दाहाल**



०५१ सालमा मनमोहनको पालामा केश बडालको नेतृत्व र अहिले ओलिको पालामा देवि ओझाको नेतृत्वमा गठन भएर ७५/८० प्रतिशत काम गर्दा गर्दै आयोग नै खारेज गर्ने परमादेश नेपाली कांग्रेस भूमिहिन सुकुम्बासी जनतामाथि अन्याय गर्दै आइरहेको छ । अब यिनै १२ लाख जनताको साथ लिएर कम्फरटेबल परामादेशको घुँडा टेकाउ ।

**- खड्ग आचार्य**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# मोदीको असफल नेपाल नीति

**भारतले नेपालमा सृजना गर्न खोजेको 'नियन्त्रित अस्थिरता' ले भारतको बडाभाईपनको अहकांर त पूरा होला ! त्यसबाट सृजना हुने परिस्थिति र जाने सन्देशले नि:सन्देह भारतको क्षेत्रीय शक्ति बन्ने सपनामा ठेस लाग्न सक्छ ।**



● निष्णु थिङ

नरेन्द्र मोदी भारतको प्रधानमन्त्री दोस्रो कार्यकालको लागि निर्वाचित भएर सत्तामा आसिन छ। उनी प्रथमपल्ट प्रधानमन्त्री सन् २०१४ मा गुजरातको मुख्यमन्त्री हुँदै देशकै कार्यकारी प्रमुख हुँदा छिमेकीलाई प्राथमिकतामा राखेर आफ्नो शपथ ग्रहण समारोहमा आसपासका देशका प्रधानमन्त्रीहरुलाई आमन्त्रण गरिएकोमा नेपालबाट तत्कालिन प्रधानमन्त्री सुशील कोइराला उक्त समारोहमा सहभागी भएका थिए । कांग्रेस विरासतको विदेश नीतिमा आकाशपातालको फेरबदल ल्याउने गाइँगुइँ थियो, त्यसको प्रारम्भ उनले छिमेकी देशका कार्यकारी प्रमुखलाई आफ्नो शपथ ग्रहण समारोहमा निम्त्याएर गरेको सन्देश दिएको थियो। छिमेक नीतिमा 'प्याराडाइम सिफ्ट' गर्ने उद्घोष र 'नेहरु डक्ट्रिन'को प्रतिस्थापन गर्दै भारतको विदेशनीतिमा रुपान्तरण ल्याउने बताइएको थियो। तर उनले आफ्नो दोस्रो कार्यकालको शपथ ग्रहण समारोहमा त्यो नीतिलाई निरन्तरता दिइएन र कसैलाई आमन्त्रण गरिएन। मोदीको आगमनपछि 'नेहरु डक्ट्रिन' युगको अन्त्य भएको चर्चा परिचर्चा भयो । भारतको विदेशनीतिमा क्रमभङ्गता आउने त्यसबेला भारतीय जनता पार्टीले घोषणा गरेको थियो। भारत र नेपालको मुख्य सञ्चार माध्यमहरुले यस्तै समाचारहरु निकै प्राथमिकताका साथ मुख्य पृष्ठमा छापिएका थिए ।

### नेहरु डक्ट्रिन र कांग्रेस विरासत

भारतबाट अंग्रेज उपनिवेशको अन्त्यसँगै आधुनिक भारतको निर्माण भयो। त्यो आधुनिक भारतको जग बसाल्ने काम इतिहासले जवाहरलाल नेहरुलाई सुम्पिएकोले उनैले स्वतन्त्र र आधुनिक भारतको समग्र पूर्वाधार निर्माण गरे । भारतको विदेश नीतिको मुख्य दुईवटा पांग्राहरु हन् : पहिलो, पञ्चशीलमा आधारित नीति र दोस्रो, असंलग्न परराष्ट्र नीति । दोस्रो विश्वयुद्धपछि अमेरिका र सोभियत संघको दुई ध्रुवीय विश्व बनेको बेला नेपाललगायत थुप्रै देशहरुको संयुक्त वाइडुङ सम्मेलन भयो। त्यो सम्मेलनले तेस्रो ध्रुवको विश्व निर्माण गऱ्यो। भारतको मूलतः बाहिरी विश्वको लागि माथिका नीतिहरु रहे पनि दक्षिण एसियामा उनको साना छिमेकीहरुलाई दुःख दिने, पेल्ने, हेप्ने र चेप्ने नीति व्यवहारमा देखियो। त्यसबाट नेपाललगायत केहि छिमेकी देशहरु भुक्तभोगी रहँदै आएका छन् । नेहरुले भर्खरै जग हालेको सैद्धान्तिक विदेश नीति इन्दिरा गान्धी, राजीव गान्धीको पालामा आइपुग्दा अलि भद्धा हुँदै गयो । रअको गठन र त्यसको मिसनले छिमेकीहरुलाई झसङ्ग बनाइदियो, सिक्किम भारतमा विलय भएपश्चात् ।

### मोदीको उदय र कूटनीति

कांग्रेस विरासत र मोदीको आगमनपूर्वको नेपालको भारतसितको सम्बन्ध कर्मचारी तहमा सीमित रहन पुग्यो । सामान्यत: उपसचिव र सहसचिव तहमा खस्केको नेपाल-भारत सम्बन्ध असमान धरातलमा उभिन पुगेको थियो। मोदी सत्तासीन भएपछि र नेपालको सदनमा उनले प्रथम सम्बोधन गर्दासम्म नेपाली राजनीतिक वृत्त, कूटनीतिक तप्का र जनमानसमा प्याराडाइम शिफ्टको आशाको दियोको पूर्वाभाष भएको थियो । मोदीको उदय यस्तो संवेदनशील घडिमा हुन गयो कि नेपालमा पहिलो संविधानसभा विघटन भएर दोस्रो संविधानसभा संविधान निर्माणमा जुटिरहेको थियो । नेपालको संविधान निर्माणमा मोदीको स्वार्थ जोडिन पुगेपछि नेपाल-भारतसम्बन्धमा विस्तारै दरार आउन सुरु भयो। संविधान जारी गर्ने उद्देश्यले संविधानसभाबाट पारित गरेपछि मोदीले आफ्नो दूत पठाएर संविधान जारी नगर्न आदेश दिए र भारत सरकारको स्वार्थलाई संविधानमा सम्बोधन गर्न आग्रहसमेत गरे । सार्वभौम संविधानसभाले निर्माण गरेको संविधान जारी गर्नु अघि नै रोक्नु कुनै पनि मानेमा उचित नभएकोले तत्कालिन परिस्थितिमा दलहरुको एकताले गर्दा संविधान जारी हुन सक्यो ।

भारत सरकारको नेपालको संविधानप्रति रिजर्भेसन रहेकोले अमानवीय नाकाबन्दी लगायो । भूकम्पले जरजर भएको अवस्थामा त्यसमाथि नाकाबन्दी लगाउनु नेपाल र नेपालीमाथि मोदी सरकारको अन्याय नै थियो । नेतृत्व अवसरवादी भएपनि नेपाली जनताले नाकाबन्दीको सामना अभूतपूर्व तरिकाले गरे, काठमाडौंका नागरिक दाउरामा खाना पकाउन तयार भए तर, मोदीको नाकाबन्दीसामु नझुक्न दलहरु र नेताहरुलाई खबरदारी गरिरहे। मोदीको प्रथम र दोस्रो कार्यकालले उनको नेपाल नीति र भारतीय कांग्रेस निर्देशित छिमेक नीतिमा कुनै तात्विक भिन्नता कतै देखिँदैन। पछिल्लो चरण लिपुलेकमा बलपूर्वक नेपाली भूमि मिचेर कैलाश मानसरोवर जाने बाटो निर्माण एकलौटी गरिरहेको सन्दर्भमा नेपाल सरकारले पटक-पटक वार्ताको लागि पत्राचार गर्दा कुनै जवाफ नै दिएको छैन। बाध्य भएर नेपालको संसदले आफ्नो नयाँ लिपुलेकसहितको नक्सा जारी गर्न विवश भए । त्यसो त मोदी सरकार र ओली सरकार दुवैको सहमतिमा नेपाल-भारत सम्बन्ध पुर्नअवलोकन गर्न प्रबुद्ध व्यक्ति समूहको गठन गरेर दुवैतर्फका प्रतिनिधिहरु सम्मिलित विज्ञ समूहले आफ्नो प्रतिवेदन तयार गरेको यतिका वर्ष हुंदा पनि सो प्रतिवेदन बुझ्ने छाँटकाँट देखिँदैन । उक्त समूहका एकजना सदस्य भारततर्फको निधन भइसक्यो तर भारत सरकारले यसमा चासो राखेको छैन ।

कांग्रेस विरासत र मोदीको आगमनपूर्वको नेपालको भारतसितको सम्बन्ध कर्मचारी तहमा सीमित रहन पुग्यो । सामान्यत: उपसचिव र सहसचिव तहमा खस्केको नेपाल-भारत सम्बन्ध असमान धरातलमा उभिन पुगेको थियो । मोदी सत्तासीन भएपछि र नेपालको सदनमा उनले प्रथम सम्बोधन गर्दासम्म नेपाली राजनीतिक वृत्त, कूटनीतिक तप्का र जनमानसमा प्याराडाइम शिफ्टको आशाको दियोको पूर्वाभाष भएको थियो ।



### क्षेत्रीय शक्तिको सपना

भारत नयाँ शक्तिको रुपमा उदाउँदो छ। उनको सपना पनि क्षेत्रीय शक्ति हुँदै विश्वशक्ति हुने छ । भारत जनसंख्या, भू-भाग, अर्थतन्त्र र सभ्यताको हिसाबले क्षेत्रीय शक्ति हुने ल्याकत राख्छ । तर दक्षिण एसियामा उनको छवि राम्रो छैन । उनले चीर प्रतिद्वन्द्वी पाकिस्तान त छँदैछ, अरु राष्ट्रहरुको समर्थन गुमाउँदै गइरहेको छ। संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको सदस्य बन्न खोजिरहेको परिप्रेक्ष्यमा यसरी आफ्नै छिमेकीबाट टाढिदै जानुले उनको छिमेक नीतिमा केही न केही खोट छ भन्ने देखाउँछ। दक्षिण एसिया, युरेसियामा चीनियाँ प्रभाव र उपस्थिति वृद्धि हुनाले भारतको अझ चिन्ता र छटपटि बढाउँदै लगेको छ। भारत बिआरआइमा सहभागी भएको छैन। तैपनि छिमेकी देशहरु चीन प्रस्तावित बिआरआइमा सहभागी हुँदै गइरहेका छन । चीनले प्राचीन रेशम मार्ग ब्यूँताउदै गएको छ। पाकिस्तानको ग्वादर बन्दरगाह हुँदै युरोपसम्म जाने मार्गले चीनलाई विश्वसँग पुनजर्डित गर्दैछ । पाकिस्तान, अफगानिस्तान, किर्किस्तान, कजकस्तानमा चीनियाँ प्रभाव बढिरहेको छ। युरेसियामा अमेरिकाको परम्परागत पकड कमजोर हुदै गएको जोन हप्किन्स् विश्वविद्यालयका प्राध्यापक ड्यानिएल एस.मार्केले भर्खरै प्रकाशित पुस्तक 'चीनको पश्चिमी क्षितिज' पुस्तकमा उल्लेख गरेको छ। उनले त्यो क्षेत्रमा अमेरिकाको पकड गुम्नुको कारण स्वयम अमेरिकाको विदेश नीतिलाई दोष दिएका छन् ।

भारतले साना छिमेकीहरुलाई प्रताडित गर्नुभन्दा उनीहरुको साथ सहयोग हासिल गर्ने तर्फ आफ्नो छिमेक नीति अख्तियार गर्नु पर्नेमा बिच्काउने नीति लिएको प्रष्ट छ। क्षेत्रीय संगठनलाई विस्तारै प्यारालाइज गर्दै लगिरहेको सन्दर्भमा अरु छिमेकीहरुले ओकल्न नसके पनि मन परेको छैन । सार्कको क्षेत्रीय सम्मेलन नभएको धेरै भयो, बेलामा सम्मेलन नहुनको कारण भारतको त्यसप्रति रहेको अरुचिलाई जनाइएको छ । सार्कमा भारतको जुन दादागिरीको नीति छ, त्यो कालान्तरमा भारतलाई प्रत्युत्पादक हुने पक्का छ । भारतले अमेरिकी लबिमा सामेल भएर चीनियाँ प्रभाव दक्षिण एसियामा निस्तेज बनाउने जुन सोंच लिएको छ, त्यो सोंच र व्यवहारको कुनै तालमेल छैन । क्वाड र हिन्द महासागर रणनीतिमा (आइपिएस) संलग्न भएर चीनियाँ प्रभावलाई रोक्न त्यति सजिलो छैन । भारतको अग्रसरतामा बिबिआइएन, बिम्स्टेकजस्ता नयाँ क्षेत्रीय संगठनहरु निर्माण गर्दै सार्कलाई विस्थापित वा निस्क्रिय बनाउने वा पाकिस्तानलाई एक्ल्याउने कार्यले उल्टै चीनलाई यस क्षेत्रमा प्रवेश गर्ने ढोका खोलिदिएर सहज बनाएको छ । भारतभित्रै चीनियाँ प्रभाव वृद्धि भइरहेको परिप्रेक्ष्यमा अरु मुलुकमा त्यसलाई कमजोर बनाउन वा रोक्न खोज्नु कूटनीतिक मुर्खता हो ।

### छिमेकमा आगो सल्काउने नीति

कूटनीतिक र राजनीतिक इतिहासको जानकार बताउँछन्, भारतले सधैं छिमेकमा आगो सल्काउने नीति लिइरह्यो । श्रीलंकामा एलटिटिइलाई भारतले गुप्तरुपले सहयोग गरेको आरोप छ । पूर्वी पाकिस्तानमा घुसपैठ र आन्दोलन मच्चाएर बङ्गालीहरुलाई उपयोग गरेको र बंगालादेश निर्माणमा दिलोज्यान लगाएर लगानी गरेको पनि आक्षेप छ । नेपालमा पछिल्लो चरणमा मोदीले यहाँको संविधानलाई धरापमा पुऱ्याउन खोजेको टिका टिप्पणी छ। नेपालको संविधान-२०७२ जारी गर्ने समयदेखि बेखुशी मोदीले यहाँको संविधानलाई कोमामा धकेल्न हरप्रयत्न गरिरहेको छ । नेपालको संविधानमा भ्रष्ट धर्मनिरपेक्षताको परिभाषा रहे पनि त्यसलाई नरुचाएको र क्रमशः नेपाललाई हिन्दू राज्य बनाउन लागि परेको छ । स्याल कराउनु र कुखुरा हराउनुबीचको सम्बन्ध त केही पक्कै होला। भारतीय गुप्तचर रअका प्रमुखबाट सुरु भएको कानेखुसीले दुई पटकसम्म प्रतिनिधिसभा बिघटन गरेको नियति नेपाली नागरिकले व्यहोरे । गणतन्त्रमाथि क्रमशः प्रश्न उठाउने र महामारीको बेलामा पूर्व राजारानीलाई राजकीय हैसियतमा निमन्त्रणा गरेर के सन्देश दिन खोजेको हो ? नेपालमा पनि भारतले आगो सल्काउने भूमिका खेल्दै आएको आरोप छ। भारतले नेपालमा सृजना गर्न खोजेको 'नियन्त्रित अस्थिरता' ले भारतको बडाभाईपनको अहकांर त पूरा होला ! त्यसबाट सृजना हुने परिस्थिति र जाने सन्देशले निःसन्देह भारतको क्षेत्रीय शक्ति बन्ने सपनामा ठेस लाग्न सक्छ। भारतले के बुझ्न आवश्यक छ भने छिमेकमा आगो सल्काएर आरामले न सुत्न सकिन्छ न आरामले बस्न सकिन्छ। छिमेकीको हितमा आफ्नो हित देख्न र बनाउन सकेमा भारतको लागि त्यो वरदान साबित हुन सक्छ।


### मोदीको असफल छिमेक नीति

कोरोना महामारीले आक्रान्त वर्तमान विश्वशक्तिहरु मानवताको लडाइमा भन्दा आफ्नो भूराजनीति र प्रभाव विस्तारका लागि मरिमेटेको छर्लङ्ग छ । यतिबेला विश्वमा खोप कूटनीति चर्चामा छ । नेपालले भारतसित २० लाख खोपको लागि भुक्तानी समेत गरिसकेको अवस्थामा मुश्किलले १० मात्रै पाउनु र बाँकी पाउन नसक्नु यताका कमजोरी पनि होलान् तर, अहिलेसम्म भारतले त्यो उपलब्ध नगराउनु मोदीको नेपाल नीतिमा असफलताको पछिल्लो कडि हो । भर्खरै दार्चुलामा जयसिंह धामीलाई तुइन तर्दै गरेको बेलामा भारतका एसएसबीले डोरी काटेर महाकाली नदीमा डुबाउने काम गरे, धामीको निधन भयो, उनी अझै वेपत्ता छ । केन्द्रीय सरकारको नेपाललाई हेप्ने नीतिको पराकाष्ठामा सो घटना एसएसबीले घटाएका हुन्। नेपालजस्ता असल र साना छिमेकीले भारतलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जस्तो हाइड्रोक्सिक्लोरोक्वाइन नपठाएमा बदला लिने धम्की त दिन सक्दैन। बढीमा चित्त दुखाएर बस्न सक्छ । ओली सरकारले सकभर अन्य मुलुकबाट र भारतबाटै खोप ल्याउन प्रयत्न गरेकै हो, तर कतैबाट केही सुनुवाइ नभएपछि अहिले विवश भएर चीनसित किन्न परेको छ। मोदीले नाकाबन्दी गरेर सबै वस्तुहरु (पेट्रोलियम पदार्थ) छेकेपछि नेपालले बाध्य भएर चीनतिर पहुँच बढाउनु परेको थियो, त्यस्तै स्थिति अहिले पुनः सृजना गरेको छ। नेपाललाई खोप दिनु भनेको भारतको सानो सहरमा खोप दिनु सरह नै हो, जनसंख्याको अनुपातमा। साना छिमेकीको समस्या र मनोविज्ञानलाई बुझ्न नसक्नु मोदीको अर्को असफलता हो। नेपालले मोदीको उदयले कर्मचारीतन्त्रमा खुम्चिएको नेपाल-भारत सम्बन्धलाई राजनीतिक तहमा उकास्ने सोचेका थिए, उनको अनिच्छाले पुनः त्यही नै सीमित हुन परेको छ। कूटनीतिमा नरम र गरम दुवै उपायहरु प्रशस्तै हुन्छन्। नरम र मीठास् बोल्ने मोदीले गरम कूटनीतिचाँहि किन अख्तियार गर्छ ? उनै जानुन्। तर परिणाममा, मोदी क्रमशः छिमेक नीतिमा (नेपाल) असफल हुदै गएको छ।

इमेल : nishnuthing@gmail.com

# उत्तराखण्डका मुख्यमन्त्रीलाई खुला-पत्र

**मुख्यमन्त्री ज्यू, तपाईंको थर/गोत्र र महाकालीमा बिलिन भएका जय सिंह धामीको थर/गोत्र एउटै पर्छ । त्यसकारण पनि हामी आशावादी छौं, तपाईंले जातीय हिसाबले पनि यो मुद्दालाई नजिकबाट नियालेर हेर्नुहुनेछ भन्नेमा हामी ढुक्क छौं ।**



● गणेशसिंह धामी

**माननीय मुख्यमन्त्री पुस्कर सिंह धामी ज्यू**
**उत्तराखण्ड प्रदेश भारत**

मुख्यमन्त्री ज्यू, तपाइँ उत्तराखण्डको मुख्यमन्त्रीमा नियुक्त हुँदा मेरो जिल्ला दार्चुलादेखि मेचीसम्मका नेपाली नागरिकहरुले फेसबुक ट्वीटरमार्फत सामाजिक संजाल रंग्याएका थिए। नेपालबाट करोडौंको बधाईको ओइरो आएको थियो। हुन पनि तपाइँप्रति नेपालीहरुको निक्कै आशा थियो। अर्को कुरा, हामी धामी जातीहरुको त खुट्टा नै भुइँमा रहेन। तपाइँ उत्तराखण्डको मुख्यमन्त्री भए पनि हाम्रै जाती कै भएर होला कतिपयले त हाम्रै दाइ भनेर सामाजिक सन्जाल रंगाएका थिए ।

मैंले धेरै जसो स्टाटस देंखे 'दार्चुलालगायत सुदूरपश्चिममा भैरहेको सीमा विवाद सुल्झिएर अन्त्य हुनेछ, हामी ढुक्क छौं र आशावादी छौं' धेरै नेपालीले यस्तै लेखेका थिए। बिड्म्बना तपाइँ मुख्यमन्त्री भएको दुई महिना नबित्दै दार्चुला जिल्ला ब्यास गाउँपालिकाका जय सिंह धामीले अकालमै महाकालीमा बिलिन हुनुपऱ्यो । यो घटना तपाइँले पनि सुनेको हुनुपर्छ । जे-जस्तो भए पनि भारतीय एसएसबीले तुइन काटेर महाकालीमा बिलिन भएका जय सिंह धामी पनि तपाइँ कै थरका मान्छे हुन। त्यो घटना सुन्दा अलीकती पनि तपाइँ को छाती चसक्क भएन र ?

तपाइँको सीमा सुरक्षा बल एसएसबीले अमानवीय र दानबी व्यवहार गरेको सुन्दा तपाइँ मन कत्ति पनि दुखेन र ? मान्छे तुइनमा झुन्डिएको देख्दा देख्दै त्यो राक्षसी रुपी एसएसबीले तुइन काटेको सुन्दा त्यो राक्षसी रुपी एसएसबीलाई कारबाही गरिहाँलु भन्ने तपाइँको मनले मनमा आएन र ? हामी यसलाई यसरी बुझ्छौं, 'निर्दोष जय सिंह धामीको सुनियोजित हत्या थियो, यदि तुइन काट्नु नै थियो भने तुइनमा मान्छे नचढेको बेलामा काटे हुँदैन्थ्यो र ? के ती जय सिंह धामी आतंककारी थिए र ?' यस्तै हाम्रो मनमा तपाइँमाथि यी प्रश्नहरु खडा भैरहने छन। हुनत हामी तपाइँको के नै गर्न सक्छौं र ? तै पनि जिज्ञासा राख्ने मन लाग्यो । हुनत हामीले अझै पनि तपाइँप्रतिको आशा भने मारेका छैनौं । तपाइँको फैसलाको बाटो कुरेर बसेका छौं ।

माननीय मुख्यमन्त्री ज्यू, अब त्यो बर्दीधारी दानव एसएसबीलाई तपाइँले के कारबाही गर्नु हुन्छ भनी तपाइँलाई मुख्यमन्त्री हुँदा बधाई दिने हरेक नेपालीले अहिले नियाली रहेका छन। आसा गरेका छौं ती निर्दोष जय सिंह धामीको परिवारलाई क्षतिपुर्ती दिलाउनु हुनेछ भन्ने । हुनत म तपाइँको फेसबुकसँग जोडिएको छु । तपाइँको फेसबुक पेज हरेक समय-समयमा हेर्ने गर्छु । कतै त्यो घटना बारे लेखी हाल्नु हुन्छ कि भनेर तर, बिडम्बना त्यो घटनाको सम्बन्धमा कुनै पनि प्रतिक्रिया नदिएको देख्दा साह्रै दुःख लाग्यो ।

जय सिंह धामी बस्ने व्यास गाउँपालिका भौगोलिक हिसाबले निक्कै विकटता छ । तपाइँकै देशको बाटो भएर सदरमुकाम दार्चुला आउनुपर्छ। जय सिंह धामीको घटना त एक उदाहरण मात्र हो। सीमाना एसएसबीबाट हरेक सीमामा बस्ने नेपालीहरुले चरम यातना भोग्ने गरेका छन्। यो बारे हामीले कुन न्यायालय जाने सहेर बस्न बाहेक कुनै विकल्प नै छैन ।

जय सिंह धामीको विदेश गएर केही पैसा कमाई ती लालाबाला कोपिला हरुलाइ हुर्काएर उनको भविष्य उज्ज्वल बनाउने सपना एकै छिनमा तपाइँको त्यो दानव एसएसबीले तुइन काटेर बिलिन पारिदियो । यो गरुँला, त्यो गरुँला भन्ने जय सिंह धामीका सारा सपना क्षण भरमै महाकालीमा बिलिन भए । कारण त्यही एसएसबी थिए ।

कुरा रह्यो, अब जय सिंह धामीले तपाइँबाट के न्याय पाउने कि नपाउने ? अमानवीय व्यवहार गर्ने ती एसएसबीलाई कारबाही हुने कि नहुने ? के ती जय सिंह धामी आतंककारी थिए र ? जातीयताको नाताले यी प्रश्नहरुको समाधान गर्नु तपाइँको धर्म हुनेछ ।

तपाइँ मुख्यमन्त्री हुँदा दार्चुलाबासीको लागि खुसीको कुरा पनि थियो । किनकी तपाइँको पुर्ख्यौली घर धेरै टाढा नभई भारतको उत्तराखण्ड काणलछिना थियो । जय सिंह धामी अस्ताएको ठाउँबाट तपाइँको पुर्ख्यौली घर धेरै टाढा पर्दैन ।

मुख्यमन्त्री ज्यू, तपाइँको थर/गोत्र र महाकालीमा बिलिन भएका जय सिंह धामीको थर/गोत्र एउटै पर्छ। त्यसकारण पनि हामी आशावादी छौं, तपाइँले जातीय हिसाबले पनि यो मुद्दालाई नजिकबाट नियालेर हेर्नुहुनेछ भन्नेमा हामी ढुक्क छौं । अन्त्यमा, यदि जय सिंह धामीलाई न्याय दिन सक्नु भएन भने हाम्रो पुस्ताले तपाइँलाई धिक्काने नै छ ।

***(गणेश सिंह धामी. शैल्यशिखर नगरपालिका-६, दार्चुला)***

# आयोग विघटन गर्ने निर्णयप्रति एमालेको ध्यानाकर्षण



**काठमाडौं/मस-** नेकपा (एमाले)ले भूमिसम्बन्धी समस्या समाधान आयोगलाई विघटन गर्ने निर्णय सच्चाउन सरकारसँग माग गरेको छ । एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले बुधबार एक विज्ञप्ति जारी गर्दै आयोग विघटन गरी जनताको अपेक्षा र अधिकारमाथि प्रहार गर्ने सरकारको निर्णय अविलम्ब सच्याउन माग गरेका हुन् । विज्ञप्तिमा उनले भूमिहीन, सुकुम्बासी, दलित तथा अव्यवस्थित बसोबासीका हक र हितप्रति एमाले सधैँभरि सजग र संवेदनशील रहेको उल्लेख गर्दै भूमिहीन, सुकुम्बासीका जायज माग तथा आवाजप्रति पार्टीको सधैं ऐक्यबद्धता रहनेसमेत स्पष्ट पारेका छन् । सरकारले मङ्गलबार आयोग खारेज गर्ने निर्णय गरेको थियो । 'युगान्तकारी राजनीतिक परिवर्तनको लाभ आर्थिक र सामाजिक रुपले विपन्न वर्गले पाउनसकेमा मात्रै परिवर्तनप्रति उनीहरूको अपनत्व विकास हुनसक्छ र त्यसले मात्रै परिवर्तनले सार्थकता पाउन सक्छ', विज्ञप्तिमा भनिएको छ, 'सरकारको यस निर्णयले विपन्न वर्गका अपेक्षामाथि ठूलो आँच पुर्‍याएको छ।' भूमिहीन, सुकुम्बासी, दलित तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन पूरा भएर वर्षौंदेखि जारी यस समस्याको दिगो समाधान हुने दिशातिर अगाडि बढिरहेका बेला आयोग विघटन गर्ने सरकारको निर्णयले मुलुकका लाखौं भूमिहीन तथा सुकुम्बासी, दलित तथा अव्यवस्थित बसोबासीको जमीनको अधिकारसम्बन्धी मौलिक हकमाथि कुठाराघात भएको विज्ञप्तिमा जनाइएको छ ।

नेपालको संविधानले परिकल्पना गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्यायलाई प्रत्याभूत गर्न तथा संविधानले सुनिश्चित गरेका खाद्यसम्बन्धी हक (धारा ३६), आवासको हक (धारा ३७), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक (धारा ४२) लगायत राज्यका निर्देशक सिद्धान्त तथा नीतिको कार्यान्वयन गर्न भूमिसम्बन्धी ऐन (आठौं संशोधन) को व्यवस्था अनुसार भूमिसम्बन्धी समस्या समाधान आयोग गठन गरिएको विज्ञप्तिमा भनिएकोब छ ।

करीब एक वर्षअघि गठन गरिएको उक्त आयोगको ७७ जिल्लामा जिल्लास्तरिय समिति गठन गरिएको थियो । आयोगले अहिलेसम्म दुई लाख ४७ हजार ९६० दलित र सुकुम्बासी तथा नौ लाख २२ हजार ८०१ अव्यवस्थित बसोबासीले विवरण फारम भरिसकेको एमालेले जनाएको छ । तीन सय १९ भन्दा बढी पालिकामा लगत सङ्कलन गरिएको बताइएको छ। एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएका बेला देवीप्रसाद ज्ञवालीको अध्यक्षतामा आयोग गठन गरिएको थियो ।

## प्रहरी प्रशिक्षण प्रतिष्ठान स्थानान्तरण नगर्न प्रधानमन्त्रीलाई ज्ञापन



**काठमाडौं/मस-**पन्ध्रजना पूर्व महानिरीक्षकले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान स्थानान्तरण गर्ने अघिल्लो सरकारको निर्णय खारेजीको मागसहित प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष ज्ञापनपत्र बुझाएका छन् । राष्ट्रपतिको कार्यालय विस्तार गर्ने सिलसिलामा प्रहरी प्रतिष्ठान स्थानान्तरणको निर्णयबाट त्यसको ऐतिहासिक परिचय मेटिने तथा नेपाल प्रहरीको संस्थागत विकासको महत्वपूर्ण आधारशिला एवम् जीवन्त संग्रहालयको अस्तित्व मासिने भन्दै उनीहरूले निर्णय सच्चयाउन प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन् ।

पूर्वप्रहरी महानिरीक्षकहरू दुर्लभकुमार थापा, मोतीलाल बोहोरा, अच्युतकृष्ण खरेल, ध्रुबबहादुर प्रधान, प्रदीप शमशेर राणा, श्यामभक्त थापा, ओमविक्रम राणा, हेमबहादुर गुरुङ, रमेशचन्द ठकुरी, रवीन्द्रप्रताप शाह, कुवेर सिंह राना, उपेन्द्रकान्त अर्याल, प्रकाश अर्याल, सर्वेन्द्र खनाल र ठाकुरप्रसाद ज्ञवालीले पूर्ववर्ती सरकारको निर्णय यथाशीघ्र खारेजीको माग गरेका थिए ।

राष्ट्रपति कार्यालय विस्तार गर्न अघिल्लो सरकारले महाराजगञ्जस्थित प्रहरी प्रतिष्ठान अन्यत्र स्थानान्तरण गर्ने र त्यसले चर्चेको एकसय १४ रोपनी तीन आना जग्गा राष्ट्रपति कार्यालयको नाममा कायम गर्ने निर्णय गरेको थियो ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मितिः २०७८/०४/२१

यस कम्पनीको मिति २०७७/११/२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **रोयल ब्वाई फेब्रिक्स प्रा.लि.** मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१२/०३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरि **रोयल ब्वाई फेब्रिक प्रा.लि. (नं २५२९२६)** कायम गर्न तथा कम्पनीको ठेगाना स्थानान्तरण गरी काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा.-७, काठमाण्डौंमा गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## इकोवे इन्टरनेशनल प्रा.लि. को स्वेच्छिक खारेजी (लिक्विडेसन) सम्बन्धी सूचना

प्रकाशित मितिः २०७८/०४/२१

इकोवे इन्टरनेशनल प्रा.लि. (प्रा.लि.नं. १५१५७९) लाई स्वेच्छामा खारेज गर्न सो कम्पनीको मिति ०७८/०३/३१ को विशेष साधारण सभाले विशेष प्रस्ताव पारित गरी मलाई लिक्विडेटर नियुक्त गरेकोले उक्त कम्पनी संग लिनुपर्ने कसैको केहि भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित लिन आउने र दिनुपर्नेले पनि दाखिला गर्न आउन यो सार्वजनिक सूचना प्रकाशित गरेको छु । सो म्याद नाघेपछि कसैले हक दावी र माग गर्न पाउने छैन । कम्पनी खारेज भैजानेछ ।

**सूचना प्रकाशित गर्नेको**
**नाम : युवराज क्षेत्री**
**(दामासाही व्यवसायी, इजाजतपत्र नं. १३।०६४**
**ठेगानाः प्यासिफिक ल एशोशियट्स, अनामनगर, काठमाडौं**
**फोन नं.: ०१-४२२८८७२, मो.नं.: ९८५११३२७८४**
**advo.yubraj@gmail.com**


## साउदीमा रोजगार | कम्पनीः AL THUBAITI BLACKSMITH WORKSHOP MUTLAQ ALOUS
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०४/२० | चलानी नं.: ६०१६१०८७ | LT. No.: 243457

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७
सामाखुसी, काठमाडौं, फोनः ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६
फ्याक्सः ४३६०६१६, E-mail : info@kantipuroverseas.com/kantipuros@hons.com.np

## साउदीमा रोजगार | १. कम्पनीः MUGHAL MAHAL RESTAURANT TO PROVIDE MEALS
शहर : Al Khafji

पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०६९ | L.T. No.: 243407

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main Food Provider | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 1 | 0 | | 1200 | ३७,९३२ | | | | | | | |
| 3. | Restaurant Labor | 1 | 0 | | 1000 | ३१,६१० | | | | | | | |

२. कम्पनीः DALAL HASSAN HAMMOUD AL-SUBAIE TRANSPORT | शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०७० | L.T. No.: 243401

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः MUGHAL MAHAL RESTAURANT TO PROVIDE MEALS | शहर : Al Khafji
पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०७३ | L.T. No.: 243406

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 5 | 0 | | 1200 | ३७,९३२ | | | | | | | |

४. कम्पनीः ALSAYAD COMMERCIAL EST. | शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०७१ | L.T. No.: 243232

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 6 | 0 | स. काममा दक्ष | 2000 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनीः MOQBIL GOMEAN DHAMEAN ALONAZI RESTAURANT AND KITCHEN | शहर : Dammam
पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०७४ | L.T. No.: 243405

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनीः ZAMIL ALI AL-SHAMMARI GENERAL CONTRACTING EST | शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०७५ | L.T. No.: 243399

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 2000 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनीः MODHI HAMAD ALMATROODI FOR OPERATION AND MAINTENANCE | शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०७६ | L.T. No.: 243404

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Window Cleaner | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,९३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

८. कम्पनीः AL-AZIZIAH FOAL LOAF TO PROVIDE MEALS | शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०७८ | L.T. No.: 243403

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

९. कम्पनीः ABDULLAH BIN MISHARI BIN HASSANAL-HUSSEINI FACTORY FOR INDUSTRY | शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०८० | L.T. No.: 243400

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१०. कम्पनीः ABDULLAH ZAMIL AL SUBAIE CONTRACTING EST | शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०७९ | L.T. No.: 243402

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १,२,४,५ र १० को नि:शुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9803215045, 9801147203, 9851061402, 9815898777, 9854026594, 9801132810
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## साउदीमा रोजगार | १. कम्पनीः MALIK NASSER AL HARBI GENERAL CONTRACTING COMPANY.
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०४/११ | चलानी नं.: ६०१६०६१९ | LT. No.: 243056 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 15 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः Ayesh Tanaay Dhabib Al Shammari Foundation For Maintenance And Cleaning | शहरः Saudi
पूर्व स्वीकृत मितिः २०७८/०४/०८ | चलानी नं.: ६०१६०४९४ | LT. No.: 243016 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com

## कतारमा रोजगार | 1. Life Style For Cleaning & Maintenance

[illegible] | LT.No. 242095

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 20 | [illegible] | 1700 | ५५,५६८/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |

2. Life Style For Cleaning & Maintenance

[illegible] | LT.No. 241983

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 31 | [illegible] | 1000 | ३२,६७१/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |

अन्तर्वार्ता २०७८ साउन २८ गते (Aug. 12, 2021) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

**AAROHI H.R. SOLUTIONS PVT. LTD.**
Tokha-5, Basundhara, Kathmandu, Tel : 4961807, 4962925

## साउदीमा रोजगार | कम्पनी : MISC UNITED TRADING AND CONTRACTING COMPANY
शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७८/०४/२० | चलानी नं.: ६०१६१०५६ | LT. No.: 243020

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 12 | 0 | स. काममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अरनिको ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. २६७/०५८/०५९
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः : MOHAMMED BIN HUSSEIN BIN HUSSEIN AL WADIE FAST FOOD RESTAURANT
शहरः WADI DAWASIR

पूर्व स्वीकृत मितिः २०७८/०४/१९ | चलानी नं.: ६०१६१०३७ | LT. No.: 243395

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurent Worker | 2 | 0 | | 1300 | ४१,०९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ६८८/०६३/०६४
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, (वेलनेस हस्पिटलको अगाडी) काठमाडौं
फोनः ४३७९०९१, ४३७६५६६, फ्याक्सः ४३७९०४७, Email: ayushintl007@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर | COMPANY : RIO TRADING CO
CITY : DOHA

पूर्व स्वीकृत मितिः २०७७/११/२१ | चलानी नं.: ६०१५५००२ | LT. No.: 236638 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Accountant | 1 | 0 | | 3600 | १,१७,२१६ | | | | | | | |

२. कम्पनी : ALJATTAL INDUSTRY CO | CITY: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०१/२४ | चलानी नं.: ६०१५८३६६ | LT. No.: 240212 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 2 | 0 | | 1000 | ३२,५६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Bhandari Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ३४५/०५९/०६०
Shantinagar-31, Fourth Floor, Bhandari Tower, Kathmandu
पो.ब.नं. १९६४१, फोनः ४६२२३१५, ४६२२३४८, मो.: ९८४१४४४५८५, ९८०१०७९४८०
Email: info@bhandarioverseas.com.np, md@bhandarioverseas.com.np | Website: bhandarioverseas.com

# इचङ्गुनारायण मन्दिरबाट राधाकृष्णका चार मूर्ति चोरी



**काठमाडौं/मस-** काठमाडौं नागार्जुन नगरपालिका-३ मा रहेको इचङ्गुनारायण मन्दिरबाट राधाकृष्णका चार मूर्ति चोरी भएका छन् । लिच्छविकालीन मन्दिरमा बुधबार बिहान पूजारी श्रीमद् राजोपाध्याय पूजा गर्न जाँदा राधाका दुई र कृष्णका दुई गरी चार मूर्ति नपाइएपछि चोरी भएको थाहा पाइएको वडाध्यक्ष प्रेमलाल श्रेष्ठले बताए ।

मन्दिरमा रहेका सुनचाँदी नहराएको तर पित्तल एवं ढलोटबाट बनेका राधा र कृष्णका साना चार मूर्ति चोरी भएका छन् ।

दुई तले मन्दिरको तल्लो तलामा इचङ्गुनारायणको मूर्ति छ । चोर मन्दिरको माथिल्लो तलाबाट छिरेको हुनसक्ने महानगरी प्रहरी वृत्त स्वयम्भूले जनाएको छ । माथिल्लो तलाको ग्रील फोरेर तल्लो तलामा झरी मूर्ति चोरी गरिएको घटनाका विषयमा थप अनुसन्धान भइरहेको वृत्तका प्रहरी प्रमुख मिलन केसीले जानकारी दिए । मन्दिरमा रहेका सुन एवं चाँदीका माला भने त्यहीँ भेटिएको उहाँले बताए । अहिलेसमेत तीन पटक मन्दिरबाट मूर्ति चोरी भएको स्थानीयवासी बताउँछन् । पहिलो पटक चोरी हुँदा चोर समातिएको थियो । दोस्रो पटक मूर्ति नभेटिएपछि नयाँ मूर्ति बनाएर राखिएको थियो । त्यसबेला मूर्तिसँगै मन्दिरका दुई टुँडाल पनि चोरी भएको वडाध्यक्ष श्रेष्ठले जानकारी दिनए ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Mahagadhi Overseas P. Ltd.**
Govt. Lic. No. 1282/074/075
Gwarko, Balkumari-9, lalitpur, Nepal, Tel.: 01-5203713, 5203717, Fax.: 5203717
Email: mahagadhioverseas @gmail.com, mahagadhioverseas 13@gmail.com
Web.: www.mahagadhioverseas .com

# बक्स अफिस समाचार

## छायांकनमा हातहतियारको सहजीकरण गरिदिन माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन

नेपाल चलचित्र निर्माता संघले फिल्म छायांकनका लागि आवश्यक पर्ने नक्कली तर सक्कली देखिने हातहतियार प्रयोग गर्ने वातावरण मिलाउन माग गर्दै प्रहरी प्रधान कार्यालयलाई ज्ञापन पत्र बुझाएको छ । मंगलबार संघका अध्यक्ष तथा फिल्म निर्देशक आकाश अधिकारीले प्रहरी नायव महानिरीक्षक बसन्त कुमार लामासँग भेट गरेर विभिन्न मागसहितको ज्ञापन पत्र बुझाएका हुन् ।

नेपालमा नक्कली हातहतियार आयात गर्ने कम्पनीलाई निश्चित परिधीभित्र राखेर राज्यबाट नियमित रुपमा सुपरिवेक्षण र प्रहरी प्रधान कार्यालयको प्रत्यक्ष निगरानीमा त्यस्ता हातहतियारको प्रयोगलाई संस्थागत गरी छायांकनमा नक्कली प्लास्टिकका हातहतियार प्रयोग गर्ने वातावरण मिलाउन र प्रहरीकै निगरानीमा सक्कली हातहतियार प्रयोग गर्ने अनुमति दिन पनि संघले आग्रह गरेको छ ।

हलिउड/बलिउड जस्ता उद्योगमा फिल्म छायांकनको क्रममा सक्कलीभन्दा आकर्षक देखिने नक्कली हातहतियारको प्रयोग गरिन्छ । तर, नेपालमा यस्ता हतियारहरु प्रयोग गर्न प्रतिबन्ध भएकाले निर्माताहरु साधारण प्लास्टिकका खेलौनालाई फिल्ममा हतियारको रुपमा देखाउन बाध्य छन् । जसले गर्दा नेपाली फिल्मलाई हेर्ने नजर वालापनको जस्तो रहेको फिल्मकर्मी बताउँछन् ।

ज्ञापनपत्रमा भनिएको छ, 'चलचित्रको छायांकनलाई वास्तविक रुपमा चित्रण गर्नका लागि संसारका चलचित्र उद्योगहरुले नक्कली प्लाष्टिकका हातहतियारहरु प्रयोगमा ल्याउँदछन् र त्यस्ता हातहतियारहरु उनीहरुको सरकारको सुपरिवेक्षण सुरक्षितरुपमा चलचित्र छायांकनमा मात्र प्रयोगमा ल्याउँदछन् तर हाम्रो देशमा हालसम्म पनि त्यस्ता हतियारहरुको प्रयोगमा प्रतिबन्ध गरिएको छ । समाज संवाहकको दरिलो माध्यम नेपाली चलचित्रहरुलाई सबै रुपबाट उत्कृष्ट बनाउन त्यस्ता हातहतियारहको प्रतिबन्धले खेलौना जस्ता देखिने हतियारहरु प्रयोगमा ल्याउनु पर्दा हामी चलचित्र निर्माताहरुलाई ज्यादै अप्ठेरो परेको र दर्शकदिर्घहरुलाई समेत नेपाली सिनेमालाई हेर्ने नजर वालापन जस्तो रहको हाम्रो बुझाइ छ । अतः नेपालमा त्यस्ता नक्कली प्लाष्टिकका हातहतियारहरु आयात गर्ने कम्पनीलाई निश्चित नियम परिधीभित्र राखी राज्यबाट नियमित रुपमा सुपरिवेक्षण गरी प्रहरी प्रधान कार्यालयको प्रत्यक्ष निगरानीमा त्यस्ता हातहतियारहरुको प्रयोगलाई संस्थागत गरी चलचित्रजन्य उत्पादनहरुको छायांकनमा नक्कली प्लाष्टिकका हातहतियारहरुको प्रयोगलाई संस्थागत गरी चलचित्रजन्य उत्पादनहरुको छायांकनमा नक्कली प्लाष्टिकका हातहतियारहरुको सहज रुपमा प्रयोग गर्ने वातावरण मिलाई दिनुपर्ने आजको आवश्यकता रहेको छ ।'

फिल्म छायांकनमा प्रहरी जवानको आवश्यकता परेको खण्डमा २५ देखि ५० प्रतिशत जवान उपलब्ध गराउनुका साथै प्रतिव्यक्ति ५ हजारबाट घटाएर १ हजार शुल्क कायम गर्न, छायांकनमा प्रहरीको भ्यानका लागि बुझाउनु पर्ने शुल्क घटाएर १ हजार वा १५ सय कायम गर्न पनि संघको माग छ । प्रहरी नायव महानिरीक्षक लामाले संघको माग पूरा गर्न प्रयास गर्ने आश्वासन दिएका छन् ।



## रत्न डंगोलको अभिनयमा 'जिन्दगीले घुमायो'

**काठमाडौं/मस–** रत्न डंगोलको अभिनय रहेको गीत 'जिन्दगीले घुमायो' सार्वजनिक भएको छ । युवा गायक जोसेफ शाही ठकुरी र भ्वइस अफ नेपालका प्रतिस्पर्धी धर्मेन्द्र सुनारको युगल गायनमा रहेको गीत 'जिन्दगीले घुमायो'को भिडियो सार्वजनिक भएको हो ।

जोसेफ शाही अफिसियल युट्युव च्यानलमार्फत गीतको भिडियो सार्वजनिक गरिएको छ । सर्वश्व गुमाएर पनि जिउने आत्मबल नगुमाएको एक्लो पात्रको काहानी समेटिएको गीतको भिडियोमा डंगोलसँगै राजिन आचार्य, रामबाबु रेग्मी र रचना गौतमको अभिनय रहेको छ । सिम भन्ज्यांगलगायतका विभिन्न स्थानमा छायाँकन गरिएको भिडियोमा गौरव गिरीको निर्देशन छ ।

जोसेफको नै शब्द, करणराज कार्कीको संगीत र देबेश राइको संगीत संयोजन रहेको गीत ए वन म्युजिसियन स्टडीयोमा रेकर्ड गरिएको हो भने ध्वनी सम्पादन किशोर थापाको छ । बसन्त कुँवरको छायाँकन, बलभद्र कुँवरको सम्पादन रहेको गीतको भिडियोमा श्याम कुँवरको रंग संयोजन छ ।





## जनकवि दुर्गालाल श्रेष्ठको जीवनी यही वर्ष प्रकाशित हुने

**काठमाडौं/मस–** नेपाल सम्वत अनुसार श्रावणकृष्ण एकादशीको दिन जनकवि दुर्गालाल श्रेष्ठको जन्मदिन हो । श्रावणकृष्ण एकादशीको दिन जन्मेका कवि श्रेष्ठ बुधबारबाट ८६ वर्ष पूरा गर्दै ८७ वर्षमा प्रवेश गरेका छन् । यसै अवसरमा श्री दुर्गालाल साहित्य प्रतिष्ठानले बि.सं. २०७८ भित्रै नेपाली भाषामा उनको जीवनी प्रकाशित गर्ने घोषणा गरेको छ ।

अनुसन्धाता आर. मानन्धरद्वारा लिखित उनको जीवनी 'कवि कथा' लेखनको अन्तिम चरणमा छ । सो कृतिको सम्पादन लेखक राजेन्द्र महर्जनबाट भइरहेको छ । प्रतिष्ठानको अनुसार सो कृति चित्रमय हुने छ ।

नेपालभाषामा उनको जीवनी पुस्तक दुई वर्षअघि (ने.सं. ११३९) नै प्रकाशित भएको थियो । पुस्तकका डिजाइनर थिए, रविन सायमि । अमेरिका र बेलायतमा रहेका नेवार संगठनहरूको सहयोगमा प्रकाशित सो जीवनी पुस्तक बन्दाबन्दीको कारण विमोचन कार्यक्रम स्थगित रहन गएको थियो । परिस्थिति अनुकुल भएमा दुवै भाषाका पुस्तक एउटै समारोह गरी विमोचन गर्ने योजना रहेको प्रतिष्ठानले जनाएको छ ।



## अक्षय बेलबटममा चेस खेलाडी


**काठमाडौं/एजेन्सी–** अक्षयकुमारको बहुप्रतिक्षित फिल्म 'बेल बटम' को ट्रेलर रिलिज भएको छ । अक्षयकुमारका हरेक फिल्मजसरी नै यस फिल्मको ट्रेलर पनि भव्य तरिकाले लन्च गरियो । यस फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा अक्षयकुमार र अभिनेत्री वाणी कपूर एकसाथ देखिएका थिए ।

ट्रेलर लन्च भएपछि अक्षयकुमारले सोशल मिडियामा फ्यानहरुसँग खुसी साटेका छन् । अक्षयले आफ्नो आधिकारीक ट्वीटर एकाउन्टमार्फत यो ट्रेलर शेयर गरेका छन् । 'ठूलो पर्दाको जादू फेरि एकपटक लिएर आउदैछु, बेल बटमको साथ,' उनले लेखेका छन् । उनले टिमका सबैलाई ट्याग पनि गरेका छन् । यस फिल्ममा अक्षयकुमार राष्ट्रिय चेस खेलाडीको भूमिकामा छन् ।

'बेल बटम' कोरोनाकालपछि हलमा रिलिज हुन लागेको पहिलो बलिउड फिल्म हो । फिल्मलाई थ्रीडीमा पनि रिलिज गर्ने योजना छ । १९ अगस्टमा सिनेमा हलमा रिलिज हुने फिल्म अक्षयकुमार र वाणी कपूरसँगै हुमा कुरैशी, लारा दत्त, ज्याक भगनानीलगायत कलाकारले पनि महत्वपूर्ण भूमिका निभाएका छन् ।

## नविन के भट्टराईको 'सम्झिरहन्छु'

**काठमाडौं/मस–** गायक नविन के भट्टराईको स्वरको फ्यान हजारौं छन् । तर, पछिल्लो समय नविनको स्वरमा कमै मात्र गीत सुन्न पाइन्छ । उनै, नविनले २ वर्षपछि 'सम्झिरहन्छु' बोलको गीत सार्वजनिक गरेका छन् । नविनकै शब्द तथा संगीतमा तयार यो गीतले प्रेमिकाको यादमा पर्खिरहेको एक प्रेमीको कथा भन्छ । भिडियोमा कलाकार राज कटुवाल र नायिका वर्षा सिवाकोटीले मोडलिङ गरेका छन् । सौरभ लामाको छायांकन रहेको भिडियोमा अर्जुन जीसीको सम्पादन छ ।




**यूएईमा रोजगार** | कम्पनी: YASIR ISHAQ PARTIES & ENTERTAINMENTS SERVICES LLC  शहर : DUBAI

पूर्व स्वीकृत मिति: २०७७/०६/११  चलानी नं.: ६०१५३६८४  LT. No.: 235039  पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labourer | 1 | 0 | सम्बन्धित कामममा दक्ष | 1000 | ३२,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Event Planer | 0 | 1 | | 1200 | ३८,७३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mars Manpower Services Pvt. Ltd.**
Gov. Lic No. 1471/074/075
Sukedhara, Kathmandu, Tel: 4375422, 4378669, Mobile: 9851151345
Web.: www.marsmanpowerservices.com, Email: info@marsmanpowerservices.com



**कतारको 5 STAR होटल – BANYAN TREE मा रोजगार**

१. कम्पनी : DOHA OASIS INVESTMENT LACIGAL MUSHERB  शहर: DOHA
पूर्व स्वीकृत मिति:२०७८/०४/२०  चलानी नं.: ६०१६१०८२  LT. No.: 243540

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 5 | 5 | सम्बन्धित कामममा दक्ष | 1600 | ५२,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 0 | 1 | | 2500 | ८१,४०० | | | | | | | |

**साउदीको NOZOMI - LUXURY JAPANESE RESTAURANTमा रोजगार**

२. कम्पनी : Mohammed Saad Mohammed Al Moajil subsistence services  शहर: Al- KHOBAR
पूर्व स्वीकृत मिति:२०७८/०४/२०  चलानी नं.: ६०१६१०८१  LT. No.: 243287

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 10 | 0 | स. काममा दक्ष | 1800 | ५६,९८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 Mob.: 9801059557, 9801159352, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

यस म्यानपावरका लागि Recruitment Manager & Receptionist with min 2 year experience in Hospitality sector आवश्यकता परेकोले तु-सम्पर्क गर्नुहोला ।



**साउदीमा वैदेशिक रोजगारको अवसर** | कम्पनी: INBOB TRADING EST  शहर: Saudi

पूर्व स्वीकृत मिति: २०७८/०३/१७  चलानी नं.: ६०१५९५३९  LT. No.: 240970  पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | सम्बन्धित कामममा दक्ष | 1000 | ३१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Vehical Driver | 1 | 0 | | 1800 | ५६,८९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
**Nepal HR Solution Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com



**कतारमा रोजगारको अवसर** | कम्पनी : IMAR TRADING & CONTRACTING CO  शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७७/०९/२८  चलानी नं.: ६०१५४१३५  LT. No.: 235656  पून बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २८ गते (12 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ८५३/०६६/०६७
**टि. जि. एल. नेपाल प्रा. लि.** (प्रिमियर इन्डम्यान कन्सलटेन्ट प्रा. लि.)
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोन: ५९०६२५२, ५९०६२५३, फ्याक्स: ५९०६२५३
सम्पर्क-: ९८४१९५८१०१, ९८५११५१४५२

# फरक भूमिकामा क्रिकेटमै जोडिन्छु : पारस खड्का

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन





राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान पारस खड्काले आफू फरक भूमिकाबाट क्रिकेटमा र हने प्रष्ट पारेका छन् । मंगलबार अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यासको घोषणा गरेका पारसले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा यस्तो बताएका हुन् ।

क्रिकेटको प्यासन सकिएको बताउँदै अब चुनौती सामना गर्न क्रिकेटसँग सम्बन्धित भूमिकामा नै फकिर्ने बताए । उनको घो षणाले सरोकारवालाहरु आश्चर्यमा परेको भन्दै सार्वजनिक रुपमा अभिव्यक्ति दिइरहँदा पूर्व कप्तान पारस खड्काले भने धेरै सोच विचार गरेर संन्यास लिने निर्णयमा पुगेको बताए । उनले भने 'सन्यास लिने सोच कप्तानबाट र ाजिनमा दिँदा नै आएको थियो । तर त्यतिबेला नेपाली क्रिकेटका लागि त्यो निर्णय गरेका थिएन । अहिले अवस्था आएकाले सन्यासको घोषणा गर्ने निधोमा पुगेँ ।'

पारस खड्काले नेपाली क्रिकेटलाई अहिलेको अवस्थामा पुर्‍याएको योगदान सबैले प्रशंसा गरिर हँदा अब क्रिकेट अगाडि बढ्न सक्छ सक्दैन भन्ने प्रश्न धेरैमा उब्जिएको छ । जुन जिज्ञासा बुधबार को भेटघाट कार्यक्रममा खड्का आफैँले उत्तर दिए । नयाँ पुस्ता अहिले राष्ट्रिय टोलीमा आएको र उनीहरुको सम्भावना धेरै भएको भन्दै खड् काले व्यक्तिभन्दा पनि टिमको प्रदर्शनले अर्थ र ाख्ने बताए । सन्यासको घोषणा गरेका पूर्वकप्तान पारसले केही समयमै क्रिकेट एकेडेमीको सुरुवात गरेर देशभर लैजाने योजनामा आफू रहेको पनि जानकारी दिए । 'योजना बनाइरहेको छु, तयारी पूरा भइसकेपछि त्यसको जानकारी तपाईहरुलाई फेरि गराउने नै छु ।' खड्काले भने ।

नेपाललाई एकदिवसीय मान्यता दिलाउन पाउँदा गर्व लागेको पनि उनले बताए । अहिलेका क्रिकेटरहरुमा ठूलो संभावना रहेकाले उनीहरुले नेपाली टोलीलाई थप उचाइमा पुर्‍याउने खड्काको विश्वास छ ।

अवसर पाएमा राजनीतिमा पनि लाग्नसक्ने उनले बताए । 'अवसर आयो भने राजनीतिमा लाग्छु । शुरुमा क्रिकेट व्यवस्थापनमा सक्रिय भएर यसलाई एउटा स्तरसम्म पुर्‍याउने इच्छा छ । यदि, मेरो कारणले देशलाई केही फाइदा हुन्छ भने म राजनीतिमा पनि लाग्नसक्छु,' उनले भने ।

# पाराल्याम्पिक खेलाडीलाई केल्मीको साथ

**काठमाडौं, मस–** जापनमा यसै महिना आयोजना हुने पार ाल्याम्पिक गेम्समा सभागी हुने ने पाली खेलाडीलाई केल्मीले प्रायो जन गरेको छ ।

टोकियोमा २४ अगष्टदेखि ५ सेप्टेम्बर सम्म पाराल्याम्पिक प्रतियोगिता हुँदै छ । उक्त प्रतियो गितामा नेपालबाट तेक्वान्दोकी खे लाडी पलेशा गोबर्द्धनले प्रतिस्पर्धा गर्ने छिन् । उनले के ४४ अन्तर्गत ५८ केजी मुनी तौल समूहमा प्रतिस्पर्धा गर्नेछिन् । पलेशासहित पाराल्यम्पिक गेम्समा भाग लिने नेपाली टोलीलाई केल्मीले खे ल सामाग्री प्रायोजन गरेको हो । पलेशाका साथमा टोकियो जाने प्रशिक्षक कविराज नेगी लामा, से फ दी मिसन सरोज श्रेष्ठ, डाक्टर दीपक श्रेष्ठलाई प्याराल्याम्पिक अवधिभर प्रयोग हुने सामाग्री के ल्मीले उपलब्ध गराउनेछ । ने पालका लागि केल्मीको आधिकारिक विक्रेता कामरु ट्रेडिङ प्रा.लि.का प्रबन्ध निर्देशक प्रदीप न्यौपाने र नेपाल पाराल्याम्पिक कमिटीका सचिव विश्वास बस्नेतले प्रायोजन सम्झौतामा हस्ताक्षर गरेका थिए ।


**कर्णाली प्रदेश सरकार**
**भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पुर्वाधार विकास निर्देशनालय**
**पुर्वाधार बिकास कार्यालय**
**हुम्ला नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७८-०४-२१**

यस कार्यालयबाट मिति २०७८ असार २० गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आब्हानको सूचना अनुसार हेप्का साँघु देखि हेप्का तान्गिन सम्म सडक निर्माण योजनाको खरिद कार्यको लागि तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपशील अनुसारको बोलपत्र न्यूनतम मुल्यांकीत सारभुत रुपमा प्रभावग्राही भएकाले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि नं | ठेक्का नम्बर | योजनाको नाम | कबोल अंक रु. (मु. अ. करसमेत) | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|---|
| १ | IDO/HUMLA/W/NCB/R/01/2077-78 | हेप्का साँघु देखि हेप्का तान्गिन सम्म सडक निर्माण योजना | २०,३१,३३४।४४ | M/S Santushti Construction , Simikot-01, Humla |

**कार्यालय प्रमुख**


# महिला भलिबल दक्षिण कोरिया र अमेरिका खेल्ने



**एजेन्सी–** दक्षिण कोरिया टोकियो ओलम्पिकको महिला भलिबल तर्फ सेमिफाइनलमा प्रवेश गरेको छ । टर्कीलाई पराजित गर्दै कोरियाले अन्तिम चारमा स्थान पक्का गरेको हो ।

बुधबार भएको खेलमा दक्षिण कोरियाले टर्कीमाथि ३-२ को सेटमा रोमाञ्चक जित निकाल्दै अन्तिम चारको यात्रा तय गरेको हो ।

सुरुवाती सेट १७-२५ ले गुमाएको कोरियाले दोस्रो र तेस्रो सेट क्रमशः २५-१७ र २८-२६ ले जित्दै खेलमा २-१ को अग्रता लिएको थियो । चौथो सेट १८-२५ ले गुमाएपछि खेल पाँचौ सेटमा धकेलिएको थियो । रोमाञ्चक बनेको निर्णायक सेट कोरियाले १५-१३ ले आफ्नो पक्षमा पार्दै सेमिफाइनलमा स्थान पक्का गर्न सफल भयो ।

कोरियाको जितमा किम यिअन कोअङले सर्वाधिक २८ स्कोर गरिन् । टर्कीकी बोजले सर्वाधिक २४ स्कोर गरेपनि टोलीको हार टार्न सकेनन् । दक्षिण कोरियाले स्पाइकबाट ६३, ब्लकबाट १२ र सर्भिसबाट ४ अंक जोड्दा विपक्षीको गल्तीबाट २४ अंक पाएको थियो । टर्कीले स्पाइकबाट ६३, ब्लकबाट १६ र सर्भिसबाट ७ अंक जोड्दा विपक्षीको गल्तीबाट २० अंक जोडेको थियो । अब दक्षिण कोरियाले सेमिफाइनलमा अमेरिकाको सामना गर्नेछ । अमेरिकाले बुधबारै डोमिनिकन रिपब्लिकलाई ३-० को सोझो सेटमा हराउँदै कोरियासँगको भेट पक्का गरेको छ । अमेरिकाले डोमिनिकन रिपब्लिकमाथि २५-११, २५-२० र २५-१९ को सोझो सेटमा हराएको छ ।


**गढीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**समनपुर, रौतहट**
**प्रदेश नं. २ नेपाल**

## सूची दर्ता गर्ने सम्बन्धी सुचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०४/२१)**

यस गढीमाई नगरपालिकाको लागि आ.व. २०७८/०७९ मा निम्न अनुसारको बस्तु तथा सेवा आपुर्ती गराउन सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ को प्रयोजनको लागि सूची दर्ता गर्नुपर्ने भएकोले सम्बन्धीत व्यवसाय गर्ने ईजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तपसिल मध्ये कुन कामको लागि सुचिकृत हुन चाहेको हो स्पष्ट उल्लेख गरि यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसील**

१. मसलन्द कार्यालय सामान तथा अन्य आवश्यक सामान आपुर्ति तथा मर्मत कार्य ।
२. छपाई तथा व्याण्डिङ्ग कार्य ।
३. फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी आपूर्ति तथा मर्मत कार्य ।
४. कार्यालय उपकरण : कम्प्युटर प्रिन्टर, यु.पि.एस. फोटोकपी मेशिन, क्यामरा, ए.सी. फ्रिज, कार्टेज र अन्य विविध सामाग्रीहरु आपुर्ती तथा मर्मत ।
५. नेटवर्किङ्ग, ईन्टरनेट तथा वेवसाईटको डिजाईन, सफटवेयरको कार्य ।
६. पत्रपत्रिका तथा पुस्तक आपुर्ति कार्य ।
७. ईलेक्टिक तथा ईलेक्ट्रोनिक्सको सामान आपुर्ति सम्बन्धि कार्य ।
८. निर्माण सामाग्री आपुर्ति र निर्माण कार्य ।
९. सवारी साधन आपुर्ति तथा मर्मत ।
१०. अफिस उपकरण, कम्प्युटर, फोन, फ्याक्स, फोटोकपी, प्रिन्टर, ईन्टरनेट, ईन्टरकम तथा ईलेक्टीकल सामानहरु आपुर्ति तथा मर्मत कार्य ।
११. सूचना प्रकाशन तथा प्रशारण सम्बन्धी कार्य ।
१२. भवन, भौतिक संरचना मर्मत सम्बन्धी कार्य ।
१३. हेण्डपाईप, पोलिथिन पाईप, हयुम पाईप, जिआई पाईप, सरसफाई उपकरण आपुर्ति तथा मर्मत ।
१४. कृषि तथा पशु सेवा संग सम्बन्धित सामग्री तथा उपकरणहरु खरिद
१५. स्वास्थ्य सेवा संग सम्बन्धित औषधि,सामग्री तथा उपकरणहरु खरिद
१६. बिभिन्न सिपमुलक तथा आय आर्जन सम्बन्धि तालिम संचालन ।
१७. सौर्य उर्जा सम्बन्धि सामग्री तथा उपकरण खरिद तथा जडान
१८. विविध परामर्श सेवा ।

**पेश गर्नुपर्ने कागजात :**

१. फर्म कम्पनी तथा संस्था दर्ता वा ईजाजतपत्र तथा नविकरण / अध्यावधिकको प्रतिलिपि ।
२. स्थायी लेखा नम्बर तथा मुल्य अभिवृद्धिकर दर्ता तथा आ.व. २०७७/०७८ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि (मु अ करमा दर्ता हुन नपर्ने भए सोको प्रमाण)
३. सार्बजनिक खरिद ऐन २०६३ को दफा ६३ बमोजिमको कालो सूचीमा नपरेको व्यहोराको लिखित जानकारी

**अन्य जानकारीहरु :**

१. आवश्यक कागजातहरुको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन ।
२. प्राप्त निवेदन सुचिकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
३. यस सूचनामा उल्लेख कुरा यसै बमोजिम अन्य कुराहरु प्रचलित ऐन, कानुन अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Road Division, Biratnagar**

## Invitation of Bid

**Tender Notice Number: T1/078/79**
**(Date of Publication :- 2078-04-21)**

1. The Road Division, Biratnagar invites bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| Contract ID | Description and Location of work | Estimate Amount (without VAT & Contingencies) NRs. | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Validity Period |
|---|---|---|---|---|---|
| RDBRT/337310113 (Rec)/078/79-01 | Recurrent Maintenance works along "Mawa Haraicha Mod and Itahari Gachiya Section "& "Urlabari - Aambari Road Section" & "Itahari to Koshi Barrage Road Section" & "Koshi Rajmarga, Dharan to Bhedetar Road Section" & "Duhabi - Inaruwa Road Section" & "Jhumka to Chatara Road section" | NA | 5000.00 | 11,00,000.00 | 90 days |
| RDBRT/337011384/ 078/79-02 | Rehabilitation Works along Dharan-Bhedetar Road Section (KRM) | 1,70,93,690.49 | 3000.00 | 4,80,000.00 | 90 days |
| RDBRT/337011384/ 078/79-03 | Rehabilitation works along MRM (Haraicha Mod - Gachhiya Section) | NA | 5000.00 | 24,00,000.00 | 90 days |
| RDBRT/337011224/ 078/79-04 | Construction of Cast in Situ 2 webbed PSC Bridge over Lohandra Khola, Sohal, Jahada, Sisawariya, Morang | NA | 10,000.00 | 34,00,000.00 | 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| Office Name | Ko.Le.Ni.Ka. | Last date of Submission | 2078-05-20 (5th Sep 2021) Time:- 12:00 hrs. |
| Name of Bank | Agriculture Development Bank Ltd, Biratnagar | Opening | 2078-05-20 (5th Sep 2021) Time:- 13:00 hrs. |
| Rajaswa khata no. | 0100201277009016 | Pre-bid meeting | 2078-05-10 (26th Aug 2021) Time:- 11:00 hrs. |
| Rajaswa shirshak no.: | 14229 | Office Code no.:- | 337011301 |
| Deposit Account No. : | 0601601014070045 | | |

3. Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp.
4. Online bids must be valid for a period of 120 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Road Division, Biratnagar reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**DIVISION CHIEF**

# प्राधिकरण छाड्न तयार रहेको हितेन्द्रदेव शाक्यको संकेत

## ■ भने– सम्मानजनक विकल्प चाहियो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन ।

नेपाल विद्युत प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले सरकारले वैकिल्पक बाटो दिए प्राधिकरण छाड्न तयार रहेको बताएका छन् । बुधबार सरकारले पद छाड्न गरेको आग्रहबारे पत्रकार सम्मेलन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले वैकल्पिक उपाय दिए सहजै प्राधिकरण छाड्ने प्रष्ट पारे । 'वैकल्पिक बाटो दिए जान तयार छु', उनले भने, 'मेरो क्षमताअनुसार अहिलेसम्मको दक्षताअनुसार मलाई जहाँ जिम्मेवार दिएपनि सरकारले खटाएको ठाउँमा काम गर्न कुनै गाह्रो छैन ।'

पत्रकारहरुले सरकारले राजीमाना मागेको सन्दर्भमा अदालत जाने त होइन् भनि राखेको प्रश्नमा शाक्यले भने अन्याय नभए किन अदालत जाने भनि प्रतिप्रश्न गरे । 'अन्याय भयो भने अदालत जाने हो, नत्र किन जाने ?' उनले भने ।

प्राधिकरणबाट अपमानजनक नभई सम्मानजनक रुपमा बाहिरिन चाहेको संकेत शाक्यको छ ।

शतप्रतिशत काम गरेको दाबी



### कुलमानलाई ल्याउने तयारीमा सरकार



सरकारले प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङलाई फेरि प्राधिकरणको नेतृत्वमा तयारी गरेको छ । जसका लागि सरकारले हालका कार्यकारी निर्देशक शाक्यसँग ठाउँ छाड्न आग्रह गरेको हो । मंगलबार उर्जामन्त्री पम्फा भुसालले शाक्यलाई बोलाएर राजीनामा दिन भनेकी हुन् । प्रधानमन्त्री शेरबहादुर देउवासँगको परामर्श पछि उर्जामन्त्री भुसालले शाक्यसँग राजीनामा माग गरेकी हुन् । शाक्यलाई केपी शर्मा ओली नेतृत्वके सरकारले प्राधिकरणको निर्देशकमा ०७७ माघ २७ मा नियुक्त गरेको थियो । कुलमानको बिदाईसँगै कायममुकायमको जिम्मेवारी दिँदै ओली सरकारले शाक्यलाई निर्देशकमा नियुक्ति गरेको थियो ।

चार वर्षे कार्यकाल सकेर घिसिङ ०७७ भदौ २९ मा प्राधिरणबाट बिदाई भएका थिए । उनको नेतृत्वमा प्राधिकरणले निकै ठूलो फड्को मारेको थियो । दिनमा १८ घण्टासम्म हुने लोडसेडिङ्गलाई अन्त्य गर्दै अर्बौं घाटामा गएको प्राधिकरणलाई उनले नाफामा लगेका थिए ।

सरकारले कार्यसम्पादन मुल्यांकनको आधारमा कमजोर देखिए पछि हटाउने तयारी गरेको सन्दर्भमा उनले भने आफुँले निकै राम्रो रहेको दाबी गरेका छन् । कोभिड महामारीका कारण फिल्डमा खटिन नपाउँदा चुहावट बढेको स्वीकार्दै उनले नाफा घट्नुमा भने डेडिकेटेड फिडरको महशुल खारेजी र प्राधिकरणको उत्पादन घटेर भारतबाट बढी विद्युत आयात प्रमुख कारण रहेको बताए ।

प्राधिकरणले अघिल्लो वर्षको तुलनामा आधा मात्रै नाफा गर्ने प्रक्षेपण गरिएको छ । अघिल्लो वर्ष करिब १२ अर्ब रुपैयाँ नाफा गरेको प्राधिकरणले गत वर्ष भने ६ अर्ब रुपैयाँ मात्रै नाफा हुने प्रक्षेपण गरेको छ ।

डेडिकेटेड फिडर खारेज हुँदा साढे तीन अर्ब रुपैयाँ आम्दानी गुमेको बताउँदै चुहावट बढेका कारण डेढ अर्ब रुपैयाँ आम्दानी गुमेको शाक्यले बताए । आम्दानी घट्दा पनि सञ्चालन र प्रशासनिक खर्चमा दुई अर्ब रुपैयाँ जोगाउँदा प्राधिकरणको नाफामा यतिको भएको उनले दाबी गरे ।

# लघु जलविद्युत आयोजनाले फेरियो जीवनशैली

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), २० साउन ।



चाउरी परेका गाला, हसिँलो अनुहारमा घरको पिढिँमा टुक्रुस्स बसेर भन्दै भन्दै थिइन् गोरीसरा सारु, 'हाम्रा जमनामा दुःखका दिन थिए, अबका पुस्ता ती दुःखका दिन सम्झाउँदा पत्याउदैनन्, जमना फेरिँदै गयो' ।

उकाली ओराली गर्दै दुःखका जीवन भोग्नुभएकी निस्दी गाउँपालिका-५ ढुङ्गानावेशी बस्ने सारु उमेरले ८२ वर्ष कटिन् । अहिले पक्की सडक जोडिएको घरमा बसेर हिजोका ती दिनलाई स्मरण गर्दै आजको सुख सुविधा उपभोग गर्न पाउँदा दङ्ग छिन् ।

जीवनको उत्तरार्द्धमा भएपनि आफ्नै हातले स्वीच दबाएर बत्ति बाल्दा उनलाई स्वर्गीय आनान्दानुभती हुन्छ । उनका जमनामा घरमा अध्याँरोमा उज्यालो दिने टुकी बत्ति बाहेक अन्य कुनै उज्यालो माध्यम नै थिएन ।

आजभन्दा करिब एक दशक अघि यहाँका स्थानीयको सक्रियतामा निस्दी लघु जलविद्युत आयोजनामार्फत विद्युत उत्पादन गरी घर घरमा बत्ति बल्न थालेपछि उनी जस्ता उमेरले उत्तरार्द्धमा पुगेकालाई जिउँदै स्वर्ग गएको अनुभुती छ ।

"अध्याँरो हुदा पुराना कपडा च्याती बटारेर चिउरीको तेल हालेर सानो टुकी बालिन्थ्यो, टुकीबाटै जीवन धानियो तर अहिले भने जमना फेरिएछन्, घरभित्र झलझल बत्ति बल्छ, घरको दैलोबाट बाटोमा टेक्यो कि पक्की सडक छ" उनले भनिन् ।

सोही ठाउँकै ७८ वर्षीय लालकुमारी राईले टुकीको भरमा चार सन्तान हुकाईन् । अहिले भने आफैँले विद्युत्को प्रयोग गरी खाना पकाउने, बत्ति बाल्ने गर्दा उनलाई कता-कता सपना जस्तो पनि लाग्छ । बुढेसकालमा यति धेरै सुविधा उपभोग गर्न पाउँदा खुशी छिन् ।

गाउँमा कुटानी पिसानी मिल थिएन, ढिकी जाँतो बिहान सबैरै उठेर गर्नुपर्ने, रातीमा अबेरसम्म पनि घरको धन्दा सकिँदैनथ्यो । राईले अध्याँरोमा एउटा हातले काखमा बच्चा च्यापेर अर्को हाँतले टुकी समातेर निकै संघर्षका साथ गृहस्थी चलाउँथिइन् ।

उनि भन्छिन्, "छोराछोरीलाई पढाउन बत्ति नहुँदा समस्या, एउटा सानो टुकीको उज्यालोमा जीविका चलाइयो, छोराछोरीले राम्ररी पढ्न लेख्न नि पाएनन् अहिलेजस्तो विजुली बत्तिको सुबिधा भए त सबैले राम्रैसंग पढ्थे नि" ।

आफुले प्रयोग गरेको टुकी बत्ति देखाउँदै भनिन्, "म जवानी हुदै गर्दा बटौली बजार (अहिलेको बुटवल) मा पाँच मोरमा किनेको टुकी अहिले पनि राखिरहेको छु, अहिले यसको प्रयोग नभएपनि नाती नातीनालाई बेला बेलामा झिकेर देखाउने गर्छु ।"

त्यही टुकी बत्ति किन्न बटौली बजारमा १९ दिनको पैदल हिडेर पुगेको राईलाई अहिले पनि सम्झना मनमा झलझली आउँछ । टुक्रा पारेर च्यातिएको कपडालाई बटारेर चिउरी पेलेर निकालिएको तेलबाट टुकी बालिन्थ्यो । त्यस समयमा यो नै उज्यालो बत्तिको भरपर्दो माध्यम नै थियो ।

घर-घरमा रेडियो, टिभी बजेको देख्दा र सुन्दा मनिसरा बयम्बुलाई हिजोको ती दुःखका दिन सम्झदा अहिलेका पुस्तामाझ एकादेशको कथा जस्तै हुने गरेको छ । आजका पुस्ताले हिजोको पुस्ताका दुःख सुखलाई सुन्न भने चासो दिँदैनन् । तैपनि आफ्नो मन हलुको बनाउन बेला-बेलामा सुनाउने गर्छिन् ।

उनलाई घरको पिँढीमा बसेर रेडियोमा समाचार, गीत सुन्दा, टिभी हेर्दा, अध्याँरोमा घरै झलमल बनाउने बत्ति बलेको देख्दा गाउँ नै शहर जस्तो लाग्छ ।

यहाँका स्थानीयवासीले आयोजनामार्फत घर-घरमा बिजुली बत्ति बलेपछि गाउँमा विकासको आधार बनेको महसुस गरेका छन् । आयोजनाबाट विद्युत् सेवा पुगेपछि टिभी हेर्न, मोबाइल चार्ज गर्न, खाना पकाउन, रेडियो बजाउन, लेखपढ गर्न सजिलो भएको छ ।

स्थानीयको जनश्रमदान र विभिन्न सरकारी तथा गैह्रसरकारी संघ .संस्था, स्थानीय समूहको सहयोगमा करिब पचास लाख रुपैयाँको लागतमा आयोजना सम्पन्न गरी संचालनमा ल्याइएको हो ।

हाल १४८ घरधुरीका स्थानीयले आयोजनामार्फत विद्युत् सेवाको उपभोग गरिरहेका छन् । निस्दीखोलाको घ्याङ्गसरीमा बाँध बाँधेर बलौटे र पन्टारी खेत सिंचाई हुने कुलोबाट पानीको व्यवस्थापन मिलाइ चौध किलोवाट क्षमताको विद्युत् उत्पादन गरी वि.सं २०६६ मा प्रयोगमा ल्याइएको आयोजनाका अपरेटर गणेश ढुंगाना बताउँछिन् ।

### युनिट होइन् सुविधाअनुसार शुल्क

बत्तीमात्रै बाल्नेले मासिक शुल्क रु. एक सय, टिभी, पङ्खा प्रयोग गर्नेले रु. १५०, फ्रिज प्रयोगकर्ताले रु. २००, आइरन प्रयोगकर्ताले रु. २५० कायम गरिएको छ भने तोकिएको मासिक शुल्कमा प्रति युनिट रु पाँचका दरले शुल्क निर्धारण गरिएको अपरेटर आयोजनाका अपरेटर गणेश ढुंगाना बताउँछन् ।

ढुङ्गानावेशी, बडहरे, शनिसौराहा, खहरेखोला, कोल्टारी, मुढाभन्ज्याङ्ग लगायतका गाउँ वस्तीमा आयोजनाबाट विद्युत् सुबिधा पुगेको छ । दैनिक बिहान ७ देखि ९ वजे सम्म दुई घण्टा विद्युत् लाइन बन्द हुने र अरु समय नियमित संचालन भइरहेको छ ।

एक दशक अघि केन्द्रिय विद्युत प्रसारण लाइनको पहुँचबाट टाढा रहेका यहाँका स्थानीयको सक्रियतामा आयोजना संचालनमा ल्याई विजुली बत्ति उपभोग गर्न थालेपछि छोराछोरीको पढाई लेखाईमा धेरै सजिलो परेको स्थानीय आममाँया मश्राङ्गी बताउँछिन् ।

विद्युत् सुबिधा पुगेपछि कार्यालयका काम गर्न, खाना पकाउन, गर्मी मौसममा पङ्खा चलाउन, रेडियो, टिभी बजाउने लगायत विभिन्न क्षेत्रमा सुबिधा उपभोग गर्न पाइएको गल्धा सामाजिक महिला उद्यमी सहकारी संस्थाका व्यवस्थापक डिलमाया रानाले बताइन् ।

"दुई/तीन महिना अघिमात्रै गाउँमा केन्द्रिय विद्युत् लाइन आएपनि उपभोग गरिएको छैन, दिनमा दुई घण्टा पनि बत्ति आउँदैन, त्यो नि घरी आउने घरी जाने भइरहेको छ, हामीलाई त लघु जलविद्युत् आयोजनाको विजुली नै ठिक छ" रानाले भनिन् ।

यहाँ केही महिना अघि केन्द्रिय विद्युत प्रसारण लाइनको सुबिधा आएपनि नियमितता नहुँदा लघु जलविद्युत् आयोजना नै सबैले घर-घरमा प्रयोग गरिरहेको राना बताउँछिन् ।

आयोजनामार्फत बाह्र महिना विद्युत् सुबिधा पुगिरहेको छ । विद्युत् सुबिधाले अहिले यस क्षेत्रमा बैंक तथा वित्तिय संस्था संचालन, विद्यालयमा कम्प्युटरलगायतका प्रबिधि प्रयोगमा आएको छ ।

बत्तिमुनीको अध्याँरो जस्तै बनेको यो क्षेत्र सदरमुकाम तानसेनदेखि टाढा पर्छ । विद्युत्को पहुँचले अहिले यहाँ फाइबर ईन्टरनेटको सुबिधा हालसालै पुगेपछि कोरोनाको महामारीमा विद्यार्थीले घरमै बसी-बसी अनलाईन कक्षामार्फत पठनपाठनको सुबिधा लिन सक्ने प्रेमकान्छा राई मगरले बताइन् ।

अझै पनि पाल्पाका ग्रामीण भेगमा केन्द्रिय विद्युत लाइनको पहुँच पुग्न भने सकेको छैन । केही ठाउँका स्थानीयले भने आफ्नै लगानीमा लघु जलविद्युत आयोजनामार्फत विद्युत् सेवा उपभोग गरिरहेका छन् ।

## संक्षिप्तमा अर्थ

### सिद्धार्थका ग्राहकलाई अर्थोप्लास्ट रिह्यावमा छुट



काठमाडौं/मस- सिद्धार्थ बैंकका ग्राहकलाई अर्थोप्लास्ट रिह्याबमा २५ प्रतिशतसम्मको छुटबैंकका ग्राहकलाई ललितपुरको अर्थोप्लास्ट रिह्याब सेन्टरमा २५ प्रतिशतसम्मको छुट पाउने भएका छन् । बैंकका ग्राहकलाई विभिन्न सेवामा सो मात्राको छुट प्रदान गर्ने सम्बन्धि दुई संस्थाबीच सम्झौता भएको छ । उक्त सम्झौता पत्रमा सिद्धार्थ बैंकका तर्फबाट हेड अफ सर्कल अफिस-कुमारीपाटी ज्ञानेन्द्र महर्जन र अर्थोप्लास्ट रिह्याब सेन्टरका तर्फबाट प्रबन्ध निर्देशक हरीकुमार तामाङले हस्ताक्षर गरेका हुन् । सम्झौता अनुसार बैंकका ग्राहकहरुले अर्थोप्लास्ट रिह्याब सेन्टर मा डेबिट, क्रेडिट तथा प्रिपेड कार्ड, मोबाईल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग प्रयोग गरे बापत फिजियोथेरापी सेवाका भुक्तानी शुल्कमा २५ प्रतिशतसम्मको छुट पाउन सक्नेछन् । साथै, ग्राहकले उपत्यका बाहिरका विभिन्न विस्तारित सेवा केन्द्रहरुमा पनि ग्राहकहरुले छुट पाउने छन् ।

जस्तै, टुम्लिङटारको मनकामना अस्पताल, चितवनको चितवन फिजियोथेरापी र रिह्याबिलीटेशन सेन्टर, पोखराको पार्कल्याण्ड अस्पताल, बुटवलको नवजिवन फिजियोथेरापी र रिह्याबिलीटेशन सेन्टर र धनगढीको न्यूरोप्लास्ट फिजियोथेरापी र रिह्याबिलीटेशन सेन्टरमा उक्त छुट पाउने बैंकले जनाएको छ ।

यस सुविधाले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध हुनका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । बैंकले डेबिट, क्रेडिट तथा प्रिपेड कार्ड, मोबाईल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग लगायतका डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न विभिन्न समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ ।

### ग्लोबलको थप ७ शाखा सञ्चालनमा



काठमाडौं/मस- ग्लोबल आइएमई बैंकले बुधबारदेखि सातवटा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । जसमध्ये काठमाडौं उपत्यकामा मात्रै ६ वटा रहेको छ ।

बैंकले काठमाडौंको सीतापाइला, बालाजु चोक र अशन, ललितपुरको धोबीघाट र भैंसेपाटी, भक्तपुरको गट्ठाघर एवम् धादिङको धादिङबेसीस्थित बिचबजारमा गरी एकैसाथ सात नयाँ स्थानमा शाखा सञ्चालनमा ल्याएको हो । नयाँ शाखाहरु सञ्चालनमा आएसँगै बैंकको शाखा कार्यालयहरुको संख्या २८० पुगेको छ । बैंकले हाल देशका ७६ जिल्लामा फैलिएको २८० शाखा सञ्जाल सहित २४८ एटिएम, ४७ एक्सटेन्सन काउण्टर तथा राजश्व संकलन काउण्टर, २५७ शाखा रहित बैंकिङ्ग सेवा र ३ अन्तर र्राष्ट्रिय प्रतिनिधि/सम्पर्क कार्यालयमार्फत आफ्ना २३ लाखभन्दा बढि ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ ।

### सानिमा लाइफको आईपीओमा पहिलो दिनमै मागभन्दा बढी आवेदन

काठमाडौं/मस- सानिमा लाइफ इन्स्योरेन्सले जारी गरेको प्राथमिक सार्वजनिक निष्काशन(आईपीओ)मा पहिलो दिनमै मागभन्दा बढी आवेदन परेको छ । साउन २० गतेदेखिनै निष्काशन गरेको उक्त सेयरमा पहिलो दिनमै २.२२ गुणाले ओभर सब्सक्राइब भएको हो ।

सेयर निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटलका अनुसार आज अपरान्ह ५ बजेसम्म ७ लाख २८ हजार ८ सय ४० जनाले १ अर्ब २० करोड १८ लाख २६ हजार रुपैयाँ बराबरको १ करोड २० लाख १८ हजार २ सय ६० कित्ता सेयरको लागि आवेदन दिईसकेका छन् । यो आइपिओमा निष्काशनको पहिलो दिन ५ बजेसम्मको तथ्यांकमा सेयर आवेदन गर्ने आवेदकको संख्या हालसम्मकै सबैभन्दा बढि रहेको छ ।

### सनराइजको थप ३ शाखारहित बैंकिङ सेवा विस्तार



काठमाडौं/मस- सनराइज बैंकले थप ३ वटा शाखारहित बैंकिङ्ग सेवा विस्तार गरेको छ । यससँगै शाखारहित बैंकिङ्ग सेवा संचालनमा आएसँगै बैंकको शाखा रहित बैंकिङ्ग संख्या ८२ पुगेको छ । बैंकले कर्णाली प्रदेश, सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका वडा नं. १४, बयलकाँडामा ८२ औं शाखारहित बैंकिङ्ग सेवा शुभारम्भ गरेको छ । त्यसैगरी गत हप्ता बैंकलै सुदुरपश्चिम प्रदेश, कैलाली जिल्लाको जानकी गाउँपालिका वडा नं.९ खैरीफाँटा ८०औं र कैलाली जिल्लाकै टिकापुर नगरपालिका वडा नं.०८, धनसिंहपुरमा ८१औं गरि थप २ शाखारहित बैंकिङ्ग सेवाको सुरुवात गरेको छ ।

बैंकले उक्त स्थानहरुमा सेवा सञ्चालनका लागी बयलकाँडाका स्थानीय व्यवसायी नवराज रोकाया, खैरीफाँटाका एकराज खड्का र धनसिंहपुरका किर्त ठकुल्लालाई व्यावसायिक प्रतिनिधिका रुपमा नियुक्त गरेको छ । सो शाखारहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, रकम स्थानान्तरण, बिल भुक्तानी लगायत बैंकले प्रदान गर्ने अन्य सेवा समेत उपलब्ध गराइने बताइएको छ ।

### इसेवामार्फत् जहाज टिकट काट्ने हरेक यात्रुले उपहार पाउने

काठमाडौं/मस- भुक्तानी सेवा प्रदायक इसेवामार्फत् हवाइ जहाज टिकट काट्दा हरेक यात्रुले आकर्षक उपहार जित्न सक्ने भएका छन् । नेपालको आन्तरिक उडानतर्फ कुनै पनि गन्तव्यमा जाने हवाइ यात्रु यस योजनामा सहभागी हुनेछन् । यो योजना एक महिनासम्म सञ्चालन हुनेछ ।

यस योजना अन्तरगत इसेवामार्फत हवाइ टिकट काट्ने हरेक यात्रुले अमार्या फेशन हाउसमा सपिङ गर्दा २० प्रतिशत छुट पाउनेछन् ।

यस्तै टाइटानमा सपिङ गर्दा १० प्रतिशत छुट पाइने छ भने भोजमा १० हजार हजार भाग्यशाली यात्रुले २० प्रतिशत अथवा रू २५० सम्मको छुट पाउने छन् ।

यस्तै हरेक यात्रुले आगामी ६ महिनाभित्रमा अर्को हवाई यात्राका क्रममा रि-सेड्युल गर्नुपरेमा त्यसका लागि लाग्ने शुल्क समेत इसेवाले बेहोर्ने छ ।

यस योजनामा सहभागी हुनका लागि इसेवामा केवाइसी भेरिफाइड भएको हुनु पर्नेछ भने इसेवा एपमार्फत् टिकट काट्नु पर्नेछ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
● ग्राहक बन्न परेमा
● पत्रिका नआएमा
● ठेगाना परिवर्तन भएमा
● पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।
सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

विज्ञापनको लागि मध्यान्हको इमेल परिवर्तन भएको सूचना ।
मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशनका लागि नयाँ इमेल:
ad.madhyanha@gmail.com मा
पठाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।
मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298, 4226366
मो. नं.: 9841885670

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**